म.नि. प्र.का. द.नं. : १०६/०६८, वर्ष ११, अंक ७५ बिहीबार, ०४ कात्तिक २०७८ प्रतिपदा ने. सं. ११४१ कौलाश्व 21 October, 2021 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

१२ जनामा कोरोना संक्रमण

साझाकुरा संवाददाता

हेटौंडा/ मकवानपुर मा बुधबार १२ जनामा कोरोना संक्रमण पुष्टि भएको छ ।

३६ जनामा गरिएको पिसीआर परिक्षणमा ८ जनामा र ३२५ जनामा गरिएको एन्टिजेन परिक्षणमा ४ जनामा कोरोना पोजेटिभ देखिएको स्वास्थ्य कार्यालय मकवानपुरले जनाएको छ । संक्रमण हुनेमा हेटौंडा उपमहानगरपालिकाका १० जना र थाहा नगरपालिकाका २ जना रहेका छन् । यस्तै, बुधबार होम आइसोलेसन बस्ने कोरोना संक्रमित कोरोना मुक्त भएका छन् । हाल जिल्ला भरी ६२ जना कोरोनाका संक्रिय संक्रमित रहेका छन् ।

हेटौंडा-१० स्थित गोरक्षश्वर स्वाब संकलन केन्द्रबाट बुधबार २९ जनाको स्वाब नमुना संकलन गरिएको छ ।

१८ जना पुरुष र ११ जना महिलाको स्वाब नमुना संकलन गरी कोरोना परिक्षणको लागी हेटौंडा अस्पतालको पिसीआर प्रयोगशालामा पठाइएको हेटौंडा उपमहानगरपालिकाका जनस्वास्थ्य निरीक्षक भोला चौलागाईले जानकारी दिए ।

मकवानपुरमा दशैंमा खसीबोकाको माग दोब्बर

साझाकुरा संवाददाता

हेटौंडा/ गतवर्ष दशैंको तुलनामा यसवर्ष मकवानपुरमा खसीबोकाको माग दोब्बर भएको छ । गतवर्ष कोरोना महामारीका कारण खसीबोकाको व्यापारमा कमी आएको थियो ।

'अघिल्लो वर्षको तुलनामा खसीबोकाको माग बजार मा झण्डै दोब्बर देखिएको छ ।', माछामासु व्यवसायी संघ मकवानपुरका महासचिव नारायण राजथलाले दसैंमा घरघरमा सिंगो खसी काट्ने र बोका पूजा गर्ने चलन बढेका कारण यसवर्ष माग दोब्बर भएको हो । यसवर्ष कोरोना संक्रमण दर घटेपछि चाडपर्व मनाउन धेरै मानिसहरु घर आएका कारण पनि मासुको माग बढी भएको हुन सक्ने अनुमान उनले गरे ।

संघका अनुसार वर्षेनी जिल्लाको उत्पादन भएकोमध्ये करिब ८० प्रतिशत मासुजन्य वस्तु यही खपत हुने गरेको छ । बाँकी छिमेकी जिल्ला लैजाने गरिएको छ । यहाँबाट वर्षेनी खाद्य संस्थानले खसीबोका खरिद गरेर काठमाडौं नैजाने समेत गरेको छ । हाल बजारमा खसीबोकाको मासु प्रतिकेजी मूल्य एकहजार रुपियाँ छ । यस वर्ष व्यवसायीले मूल्यवृद्धि नगरेको संघले जनाएको छ ।

भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र हेटौंडाको तथ्यांकअनुसार जिल्लामा मुख्य चाडपर्वको समयमा दैनिक २ सयको हाराहारी खसीबोका खपत हुने अनुमान छ । कार्यालयका पशु विकास अधिकृत सुशील केसीका अनुसार अन्य समयमा दैनिक करिब ७० वटा खसीबोका खपत हुने गरेको थियो । उनका अनुसार जिल्लामा १ सयभन्दा बढी व्यावसायिक बाख्राफर्म छ । ती फर्ममा दसैं अगाडिसम्म करिब ३ लाख खसीबोका र बाख्रा रहेको केसीको भनाइ छ ।

धेरै संख्यामा खसीबोका जिल्लामा उत्पादन भए पनि यहाँ छिमेकी जिल्लाबाट समेत खसीबोका आउने गरेको उनको भनाइ छ । जिल्लामा वार्षिक १ हजार ७ सय ३९ मेट्रिक टन खसीबोकाको मासु उत्पादन हुने तथ्यांक छ । मकवानपुरमा वार्षिक भैंसी/राँगाको भने ४ हजार ८७ मेट्रिक टन, बंगुर १ सय ९६, कुखुरा/हाँस ७ हजार ९ सय ७२ मेट्रिक टन खपत हुने विज्ञकेन्द्र हेटौंडाको तथ्यांक छ । महासचिव राजथलाका अनुसार घटस्थापनदेखि पूर्णिमाको अवधिमा मासुको माग अत्याधिक हुन्छ । 'कोरोनाका कारण गतवर्ष खासै राम्रो व्यापार भएन । यसवर्ष व्यापार बढ्नेमा हामी ढुक्क छौं ।', उनले भने ।

कोराना संक्रमित घटेका कारण बजार खुकुलो भएका कारण यसवर्ष व्यापार बढ्नेमा व्यवसायीहरु हर्षित छन् । मकवानपुरमा विक्रीवितरणका लागि चितवन, सिन्धुली, सर्लाही, बारा, पर्सालगायत जिल्लाबाट पनि व्यापारीले खसीबोका ल्याइने गरेका छन् । जिल्लाको ग्रामीण क्षेत्रमा सहकारीमार्फत् खसीबोका उत्पादन र बजारीकरण गरिँदै आएको छ । पहिले भारतबाट समेत खसीबोका ल्याएर विक्रीवितरण गर्ने गरिएको भएपनि दुईवर्ष यता जिल्लाकै खसीबोका माग धेगेको व्यापारी सुजन चिमोरियाले बताए । 'गाउँगाउँमा युवाहरुले व्यवसायीकरुपमा खसीबोका पालेका छन् । जसको कारणले गर्दा यहाँकै उत्पादनले माग धान्ने अवस्था रहेको छ ।', उनले भने ।

वाग्मती प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका सचिव डा. शरणकुमार पाण्डेका अनुसार पछिल्लो एक वर्षयता भारतबाट खसीबोका आउन छाडेका छन् । 'खसीबोकाको माग वर्षेनी बढ्दो छ । हाम्रो उत्पादनले नै धान्ने अवस्था छ ।', पाण्डेले सरकारले पशुपालनमा अनुदान दिएका कारण पनि खसीबोकामा आत्मनिर्भर हुने अवस्था सिर्जना भएको दावी गरे ।

कार्तिक स्नान र आकाशदीप दान शुरु

हेटौंडा/ प्रत्येक वर्ष आश्विन शुक्ल पूर्णिमाका दिन सुरु हुने कार्तिक स्नान, आकाश दीपदान एवं तुलसीको विशेष पूजा आराधना बुधबारदेखि सुरु भएको छ ।

आश्विन शुक्ल पूर्णिमादेखि कार्तिक शुक्ल पूर्णिमासम्म कार्तिक स्नानसहित तुलसीको विशेष पूजाआराधना, आकाश दीपदान गरेमा सौभाग्य, सम्पत्ति एवं श्रेय प्राप्ति हुने धार्मिक विश्वास छ । आकाश दीपदान पाएसम्म बाँस, नपाएमा पलाँस, खएर, पीपल, आदिको लिङ्गो ठड्याएर बालिन्छ । आकाश दीपदान भगवान् विष्णुलाई समर्पण गरी बाल्ने गरिन्छ ।

आश्विन शुक्ल पूर्णिमादेखि कार्तिक शुक्ल पूर्णिमासम्म कार्तिक स्नान गरी घर -घरमा विशेषरुपमा तुलसी पूजा गरेमा मनोकामना पूरा हुने धार्मिक विश्वास छ । तुलसीको विशेष पूजा सूर्योदयअघि नै गरिसक्नुपर्ने मान्यता छ । आश्विन शुक्ल पूर्णिमादेखि कार्तिक स्नान गरे महापातकबाट पनि मुक्त भइने धार्मिक विश्वास रहेको धर्मशास्त्रविद् एवं नेपाल पञ्चाङ्ग निर्णायक समितिका पूर्व अध्यक्ष प्रा डा रामचन्द्र गौतमले राससलाई जानकारी दिए । कार्तिक स्नान गर्नेले बुधबारदेखि कार्तिक शुक्ल पूर्णिमासम्म दुई दिन भएका मास, मुगी, मुसुरो, चना, भटमास आदि अन्न खान नहुने शास्त्रीय मान्यता छ । यस अवसरमा आज स्वयम्भू चैत्यमा महादीप दानसमेत गर्ने गरिएको छ । आश्विन शुक्ल पूर्णिमाकै दिन मनाइने कोजागृत पूर्णिमा भने मंगलबार राति नै मनाइएको थियो । मध्यरातमा पूर्णिमा भएका दिन कोजागृत र सूर्योदय एवं सायङकालमा पूर्णिमा भएका दिन पूर्णिमा व्रत, कार्तिक स्नान, आकाश दीपदान र तुलसीको विशेष पूजा आराधना सुरु गर्नुपर्ने शास्त्रीय वचन रहेको समितिका अध्यक्ष प्रा श्रीकृष्ण अधिकारीले जानकारी दिए । (रासस)

खाना पकाउने ग्याँस बीचबाटोमा नै चोरी गर्ने पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा/ भारतबाट विभिन्न कम्पनीहरुमा ढुवानी हुने खाना पकाउने ग्याँस बीचबाटोमा नै चोरी हुने गरेको पाइएको छ ।

मनहरी गाउँपालिका ६ नयाँबस्तीस्थित एक पसलमा ग्याँस बोकेको बुलेट रोकेर घरेलु उपकरण प्रयोग गरी सिलिन्डरमा भर्ने गरेको घटना सार्वजनिक भएको हो । यसरी ग्याँस चोरी गरेर बेच्ने कार्यमा संलग्न स्थानीय व्यापारी ४३ बर्षीय हरि कार्की, दुईवटा बुलेटका चालक र बुलेटलाई इलाका प्रहरी कार्यालय मनहरीले नियन्त्रणमा लिई कारबाही अघि बढाएको छ ।

प्रहरी निरीक्षक प्रकाश थापाको नेतृत्वमा रहेको प्रहरी टोलीले स्थानीयबासिन्दाको गुनासो बमोजिम 'अपरेसन' गरेको हो । मंगलबार राति कार्कीको चियापसलमा पुगेको प्रहरी टोलीले कार्कीलाई पकाउ गरी थप जानकारी हासिल गरेपछि दुईवटा बुलेट, बुलेटका चालक र १८ वटा खाली तथा १३ वटा भरिएका विभिन्न कम्पनीका सिलिन्डरहरु समेत नियन्त्रणमा लिन सफल भएको हो । नियन्त्रणमा लिइएका बुलेटहरुमा एनएल शुन्य एक एन शून्य १३१ र युपी ७० बीटी ९९९६ र चालकहरु चुनुकुमार र विपिन कुमार रहेका छन् ।

प्रहरीले पाएको प्रारम्भिक जानकारी अनुसार भारतीय बुलेट चालकहरुले कार्कीको पसलमा नियमित रुपमा ग्याँस बिक्री गर्नेगरेका थिए । उनीहरुले प्रति सिलिन्डर १ हजार रुपियाँमा कार्कीलाई बेच्ने र कार्कीले १३ सय रुपियाँमा उपभोक्तालाई बिक्री गर्ने गरेका थिए । सिलिन्डर भर्नका फलामको पातामा पाइप जोडिएको घरेलु उपकरण निर्माण गरी प्रयोग हुने गरेको पाइएको छ । 'असुरक्षित र जोखिमपूर्ण तरिकाले बुलेटको खतरा लेखिएको बक्स खोलेर घरेलु उपकरण टासेर ग्याँस चोरी हुने गरेको छ', प्रहरी निरीक्षक थापाले भने,'यी दुईमात्र होइन, अन्य ग्याँस बोक्ने बुलेटको गिरोह नै यस्तो कार्यमा संलग्न भएको जानकारी पाइएको छ ।'

उनका अनुसार पोखराको शक्ति ग्याँस उद्योग र धादिङको क्याप्सन ग्याँस उद्योगमा ती दुई बुलेटहरुले ग्याँस लैजाँदै थिए । पकाउ परेकाहरुलाई चोरी सम्बन्धी कसुरमा मुद्दा चलाउने गरी अदालत पेस गरी म्याद थप गरिएको थापाले बताए ।

बाढीपहिरोमा मृत्यु हुने ४८ पुग्यो, ३१ बेपत्ता

हेटौंडा/ मुलुकका विभिन्न क्षेत्रमा परेको भारी वर्षापछि आएको बाढी पहिरो र डुबानमा परेर आज मध्याह्नसम्म ४८ जनाले ज्यान गुमाएका छन् ।

विभिन्न जिल्लामा ३१ जना बेपत्ता भएका छन् । गृह मन्त्रालयका अनुसार मृत्यु हुनेमा सबैभन्दा बढी इलाममा ११ र डोटीमा नौजना छन् । दुई जिल्लामा पहिराले मानवीय क्षति गराएको हो ।

त्यसपछि पहिरामा परी हुम्ला, धनकुटा र पाँचथरमा छ/छजनाको मृत्यु भएको गृह मन्त्रालयले जनाएको छ । यस्तै बैतडीमा चार, कालीकोटमा एक, डडेलधुरामा एक, प्युठानमा एक, सुनसरीमा दुई र उदयपुरमा एकजनाको मृत्यु भएको गृहप्रवक्ता फडिन्द्रमणि पोखरेलले जानकारी दिए । पहिरामा परेर सबैभन्दा बढी बझाङमा २३ जना बेपत्ता भएका छन् । यस्तै डोटीमा एक, प्युठानमा दुई, इलाममा पाँचजना बेपत्ता छन् । विभिन्न जिल्लामा अहिलेसम्म २३ जना घाइते भएका छन् । असोज ३१ गतेदेखि मुलुकका विभिन्न क्षेत्रमा पानी पार्ने प्रणाली सक्रिय भएको थियो ।

यो क्रम बुधबार पनि जारी छ । हराएकाहरुको खोजी कार्य र फसेकाहरुको उद्धार कार्य जारी रहेको गृहमन्त्रालयको विपद् व्यवस्थापन महाशाखाका प्रमुख हुमकला पाण्डेले जानकारी दिइन् । (रासस)

सत्ता लम्ब्याउन अष्टलक्ष्मीको अर्को कदम

साझाकुरा संवाददाता

हेटौंडा/ अल्पमतमा परिसकेकी मुख्यमन्त्री अष्टलक्ष्मी शाक्यले वाग्मती प्रदेशमा सत्ता लम्ब्याउन अर्को कदम चालेकी छन् ।

कात्तिक ४ गते बिहीबारका लागि तय भएको प्रदेशसभाको बैठक सार्न आग्रह गर्दै सभामुख सानुकुमार श्रेष्ठलाई नेकपा एमाले संसदीय दलले लिखित पत्र पठाएको छ । एमाले मुख्य सचेतक दीपक निरौलाले प्रदेशसभाको बैठक सार्न सचिवालयलाई आग्रह गर्दै बुधबार बैठकको समय हेरफेर गर्न आग्रह गरेको हो । एमालेले बैठक ११ गतेका लागि बोलाउन समेत प्रस्ताव गरेको छ ।

कात्तिक पहिलो हप्ताभित्र नेकपा एमालेको स्थानीय अधिवेशन हुने र सो अधिवेशनका कारण एमालेबाट प्रतिनिधित्व गर्ने प्रदेशसभा सदस्यहरु बैठकमा उपस्थित हुन नसक्ने कारण देखाउँदै बैठक ११ गते सार्न प्रदेशसभा समक्ष लिखित प्रस्ताव गरेका हुन् । प्रदेशसभाको बैठकमा मुख्यमन्त्री शाक्यले विश्वासको मत लिने कार्यसूची रहेको छ ।

मुख्यमन्त्री शाक्यले गएको असोज २४ गते बसेको प्रदेशसभा बैठकमा नेपालको संविधानको धारा १८८ को उपधारा २ तथा प्रदेश नियमावली २०७४ को नियम १४३ को उपनियम १ बमोजिम विश्वासको मत सम्बन्धी प्रस्ताव पेस गरेकी थिइन् । अल्पमतमा परेपनि सत्ता जोगाउनका लागि शाक्यले पछिल्लो समय विभिन्न कार्यहरु गरिरहेकी छन् ।

कम्युनिष्टबीच पुन:एकता आवश्यक: मुख्यमन्त्री शाक्य

काठमाडौं/ वाग्मती प्रदेशका मुख्यमन्त्री अष्टलक्ष्मी शाक्यले कम्युनिष्ट पार्टीबीच पुन: एकता गरेर आगामी निर्वाचनमा होमिनुपर्ने बताएकी छन् । नेकपा (एमाले)वाग्मती प्रदेश अधिवेशन आयोजक कमिटीको प्रथम बैठकको बुधबार उद्घाटन सत्रमा बोल्दै उहाँले जनादेश बमोजिम पुन:सशक्त एमाले बनाएर छिन्नभिन्न कम्युनिष्टलाई एकतामा ल्याई समृद्धि र समाजवादको यात्रामा लान्नुपर्ने बताइन् ।

'एमाले फुटुनु आवश्यक थिएन । एमाले फुटुनुमा कार्यकर्ताको दोष छैन', उनले भनिन् । मुख्यमन्त्री शाक्यले प्रदेश सरकार विपद् व्यवस्थापन कोष स्थापना गरेर बाढीपहिरामा परेकालाई सहयोग उपलब्ध गराइरहेको जानकारी दिदै आफूहरुले मन्त्रीको आचारसहिता बनाएर काम गरिरहेको बताइन् । बैठकमा नेकपा (एकीकृत समाजवादी)का केन्द्रीय सदस्य प्रेम महर्जन (ललितपुर) र झडक कँडेल (रामेछाप) एमालेमा प्रवेश गरेको एमाले वाग्मती प्रदेश अध्यक्ष आनन्द पोखरेलले जानकारी दिए ।

आकर्षक घडेरीहरु बिक्रीमा

हेटौंडा उपमहानगरपालिका वडा नं.-१५, रातोमाटेपनेश स्थित महेन्द्र राजमार्ग रातोमाटे बजारबाट मात्र ३ कि.मी. पूर्वतर्फ रिङरोडको बस्तिमाझ खानेपानी, ढल, विद्युतको सुविधा भएको, ब्यापारिक तथा आवसिय प्रयोजनको लागि अति उपयुक्त आकर्षक घडेरीहरु सुपथ मूल्यमा बिक्री वितरण हुदैंछ ।

SN	AREA	SN	AREA
1	0-0-14.75	15	0-0-12.00
2	0-0-11.50	16	0-0-11.25
3	0-0-11.75	17	0-0-10.50
4	0-0-11.00	18	0-0-10.00
5	0-0-10.75	19	0-0-10.50
6	0-0-10.75	20	0-0-11.00
7	0-0-11.25	21	0-0-11.25
8	0-0-11.25	22	0-0-12.00
9	0-0-10.75	23	0-0-12.25
10	0-0-9.50	24	0-0-12.00
11	0-0-9.25	25	0-0-12.00
12	0-0-9.25	26	0-0-12.00
13	0-0-11.00	27	0-0-12.50
14	0-0-12.00	28	0-0-12.25
		29	0-0-16.00

Hetauda City Hospital Pvt.Ltd
Hetauda Sub-metropolitan City-1
Phone:- 057-520315

VACANCY ANNOUNCEMENT

Our Organization is seeking Applicantions from Qualified, Energetic and Experienced Candidates for the following Designations.

S.No.	Designations	No.	Salary (Rs)	Min. Qualifications
1	Medical Officer	1	Min Rs.35000	MBBS
2	Nursing Officer	1	18000-25000	BN/B Sc Nursing
3	Staff Nurse/CMA/ANM	Few	Negotiable	Registered NHPC
4	Receiptionist	Few	Negotiable	+2 Completed

Experience, Performance, Dedication and Professionalism will be taken into consideration.

Interested individuals are to submit their update curriculum vitae within 10 days of the first publication of this notice.



कुनै पनि ब्राण्डको बाइक वा स्कुटरसँग होण्डा EXCHANGE गरी पाउनुहोस् SCRATCH CARD मार्फत

रु. ९०,०००

यो योजना असोज १५ गतेदेखि ३१ गतेसम्मका लागि मात्र लागू हुनेछ ।

आउनु आफ्नो नजिकैको SHOWROOM VISIT गर्नुहोस् ।

VALUATION मूल्य न्यूनतमको DOWNPAYMENT गरेर कमीत होण्डा चढ्न अगुहुनेछ ।

Times AutoHub Hetauda

Contact:057-590610, 9855067840

साझाकुरा

हाम्रो कुरा

समयमै सडकको स्तरोन्नति होस्

मकवानपुर राष्ट्रिय राजमार्गको राजधानीभन्दा फरक पर्दैन । देशकै ठूलो चारवटा राष्ट्रिय राजमार्गले मकवानपुरलाई छोएको छ । वर्षात् लागेसँगै सडकको अवस्था अत्यन्त खराब हुन्छ । जसको कारणले वर्षेनी दुर्घटना बढ्दो अवस्थामै रहेको छ । राष्ट्रिय राजमार्गमा नपरेपनि हेटौंडा-काठमाडौं छोटो मार्गअन्तर्गत पर्ने भैंसे-भीमफेदी सडकखण्डको स्तरोन्नति कार्य अलपत्रहुँदा यात्रुहरु सास्ती व्यहोर्न बाध्य भएका छन् । एक वर्षअघि सडक चौडा पार्दै स्तरोन्नतिको कार्य अघि बढाएपछि काम तीव्र गतिमा नहुँदा चाडपर्वको समयमा यात्रा गर्ने हजारौं यात्रुहरु मर्कामा परेका हुन् । भैंसे-भीमफेदी सडक खण्डको करिब ११.५ किलोमिटर सडक हाल अलपत्र अवस्थामा रहेको छ ।

संघीय राजधानीबाट हेटौंडाहुँदै तराईका विभिन्न जिल्ला आवतजावतका लागि प्रयोग गरिने यस छोटो मार्गको स्तरोन्नति कार्य अलपत्रहुँदा दसैंको समयमा घर फर्कने यात्रुहरु हाल कष्टकर यात्रा गर्न बाध्य भइरहेका छन् । हाल दैनिक करिब सात सयभन्दा बढी साना सवारीसाधन यस बाटो भएर आवतजावत गरिरहेका छन् । ३ घण्टा ३० मिनेटमा काठमाडौं-हेटौंडा यात्रा गर्न सकिने भएपनि भैंस-भीमफेदीमा ११.५ किमि अलपत्र हुँदा हाल ५ घण्टा लगाएर काठमाडौं-हेटौंडा यात्रा गरिरहेको सुमो चालकहरुले बताएका छन् । यो सडकमा तराइ क्षेत्रका जिल्लाहरु र हेटौंडाबाट सयौं साना यात्रुवाहक सवारी आवतजावत गर्दछन् । एक वर्षअघि सडक पुनर्निर्माणको काम नहुँदा भैंसेबाट भीमफेदी पुग्न २० मिनेट लाग्थ्यो, अहिले सडक भत्काइएको र डाइभर्सन बाट यात्रा गर्नुपर्ने बाध्यताका कारण १ घण्टा बढी समय लाग्ने गरेको छ । सडक पुनर्निर्माण लागि यातायात पूर्वाधार निर्देशनालय वाग्मती प्रदेशले एक वर्षअघि ३२ करोडमा डिएस कन्स्ट्रक्सनलाई ठेक्का दिएको थियो । दुई वर्षमा सडक चौडासहित पुनर्निर्माण सकाउने शर्तमा निर्देशनालयले डिएसलाई ठेक्का दिएको थियो ।

अन्य स्थानमा काम तीव्र गतिमा अघि बढेपनि भीमफेदी गाउँपालिका-४ का स्थानीयले सार्वजनिक सडकमा समेत काम गर्न रोक लगाउँदा समयमै सोचे अनुसार काम हुन सकेको छैन । ३.५ किमि सडक सहज भएपनि बाँकी यात्राका लागि सडक अलपत्र भएको छ । डिभिजन सडक कार्यालय हेटौंडाले दसैंलगायत चाडपर्वलाई लक्षित गरेर हाल यस सडकमा सवारी गुड्न सक्ने बनाइएको थियो । तर, पनि दुर्घटनामा भने कमी आएन । त्यसकारण तोकिएकै समयमा सकडको स्तरोन्नति र समयमै सडकको मर्मत गर्नु अहिलेको आवश्यकता हो । अन्यथा दैनिकरुपमा सवारी दुर्घटना बढ्ने जोखिम यथावत रहन्छ । सडकको अवस्था गतिलो नभएको सन्दर्भमा सवारी चालकले पनि होसियापूर्वक यात्रा गरेर आफ्नो ज्यानको सुरक्षा आफै गर्नुपर्ने देखिन्छ ।

महत्वपूर्ण टेलिफोन नम्बरहरु

मकवानपुर प्रहरी

प्रहरी कन्ट्रोल:	१००
जिल्ला ट्राफिक:	५२०५९९
वडा प्रहरी:	५२०२९९
पशुपतिनगर इलाका:	५२०५९८
पालुङ इलाका:	६२०४६७
मनहरी इलाका:	९८५५०९०१६१
इलाका फापरबारी:	६२१९८०
इलाका भीमफेदी:	६९१४६२
इलाका ठिंगन:	९८४५२९९३८१
चौकीटोल चौकी	९७४२५५९५०१
चिल्लाङ चौकी:	६९२०००
चौपडा चौकी	९८४४०५४६०४
नेवारपानी चौकी:	९७५५०००२९९
फाखेल चौकी:	९८४५०३१३९८
पदमपोखरी चौकी:	९८४५०९९७८९

एम्बुलेन्स सेवा

नेपाल रेडक्रस:	५२०७१, ९८५५०२८९५२
हेटौंडा अस्पताल:	५२०३०५
परिवार नियोजन संघ:	५२०७४५,९८४५१०४५००
मनहरी रेडक्रस:	९८४५१०५८२१
छतिवन रेडक्रस:	९८६१९२२३११
भीमफेदी रेडक्रस:	६२०६९९
पालुङ रेडक्रस:	९८१४२०७४०१
बङबाराही रेडक्रस:	९८४५३०२९८४
सहकारी अस्पताल:	०५७-५२६५८७, ९८४५६१९१९४
बसामाडी एम्बुलेन्स:	९८४५२९७५७९
बारुण यन्त्र:	१०१
बाल हेल्पलाइन नेपाल:	१०९८
माइती नेपाल:	५२१०५०
अपाङ्ग बाल अस्पताल	९८४५२९६४४५

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

भोलिको पात्रो

भोलि वि.सं. २०७८ कार्तिक ५ गते शुक्रबार २२ अक्टोबर २०२१ । असोज कात्तिक कृष्ण द्वितीया । कौलाग द्वितीया ११४१ । सूर्योदय ६:०७ र सूर्यास्त ५:२८ मा हुनेछ ।

आजको राशिफल

मेष	: प्रेममा सफलता	तुला	: शत्रुबाट मुक्त
वृष	: आफन्तजन भेट	वृश्चिक	: मिष्ठान भोजन
मिथुन	: भित्रजन भेट	धनु	: आलश्यता
कर्कट	: धन प्राप्ति	मकर	: सुख प्राप्ति
सिंह	: धन नष्ट	कुम्भ	: यात्राको योग
कन्या	: शुभ कार्यको थालनी	मीन	: अध्ययनमा बाधा

क्यान्सरमय दसैं र फेरिएका योजना

जीवन क्षेत्री

एउटै समस्याको उपचारका लागि बिरामी पाँचतिर धाउन नपरोस् । डाक्टर पनि हातमुख जोड्नलाई चारतिर दौडिन नपरोस् । सबैलाई महँगा निजी अस्पताल र भीडभाड हुने सरकारी अस्पतालको सहज तेस्रो विकल्प हुने गरी सेवा दिन सकियोस् ।

दसैं को मुखमा तपाईं कहिल्यै दुर्घटनामा पर्नुभएको छ ? वा अरू कुनै कारणले चोटपटक लागेको वा हड्डी भाँचिएको छ ? वा नजिकको कसैको रोग वा मृत्युका कारण तपाईंको दसैं बिथोलिएको छ ? अब कल्पना गर्नुहोस्, दसैंको मुखैमा तपाईंको क्यान्सर पत्ता लाग्यो । त्यो पनि ढिलो भइसकेको उन्नत चरणको क्यान्सर। अस्ले रमाइलो गर्ने बेला तपाईंको जटिल शल्यक्रिया गर्नुपर्ने भयो । अनि लगत्तै दुःसाध्य केमोथेरापी लिनुपर्ने भयो । तपाईंको जीवनका सारा योजना चौपट भए, प्राथमिकताहरू बदलिए । तपाईंको बाँकी आयु महिना वा बढीमा वर्षमा नाप्न सकिने भयो ।

प्याथोलोजिस्टको एउटा रिपोर्टका आधारमा तपाईंको जीवन उलटपुलट भयो । तपाईंको जीवनमा र घरमा दसैंसँगै शोक आयो । यस्तो भोग कसैलाई नपरोस् । यो पढ्ने तपाईंहरूभये धेरैजसोले जीवनमा यस्तो विपत्ति कहिल्यै भोग्नुपर्ने छैन र दसैं शुभ रहिरहनेछ । दसैंबाहेकको अरू समयमा पनि तपाईंहरूले यस्तो विपत्ति भोग्नुपर्ने छैन । तर सानो संख्याका जो मानिसलाई यस्तो विपत्ति पर्छ, तीमध्ये तपाईं, हामी जो पनि पर्न सक्छौं । जबकि सामान्यतः तपाईं हामी सबैलाई लाग्छ, क्यान्सरजस्ता विरल रोगहरू अरूलाई मात्रै लाग्ने गर्छन् । व्यक्तिगत रूपमा मेरा लागि दसैं र क्यान्सरको विषय विशेष महत्वको छ । म चितवनमा घर भएको र यहीं काम गर्ने प्याथोलोजिस्ट हुँ । दसैंको घटस्थापना हाराहारी धेरैजसो जिल्ला बाहिर घर हुने प्याथोलोजिस्ट साथीहरू दसैं मान्न घर फर्कन्छन् । भरतपुरका धेरै अस्पतालहरूमा आउने फाटफुट कामको जिम्मा मेरो हुन्छ ।

त्यसैले पछिल्लो केही वर्षदेखि म दसैंको मुखमा क्यान्सर पत्ता लाग्ने बिरामीहरूको साक्षी बनिरहेको छु । पाँच वर्षअगाडि सुरू गरेको एउटा किताबलाई यही दसैंमा बिट मार्ने मेरो योजना थियो । अस्पतालको काम शून्यप्रायःमा झर्ने दसैंका केही दिनको एकाग्रता त्यसका लागि उपयुक्त हुन्थ्यो । अरू बेला त्यतिको फुर्सद जुटाउन हम्मे हुने हुँदा मेरो ध्यान छिटपुट आएका काम छिचोलेर कतिबेर पुस्तकको काममा लाग्ने भन्ने थियो । तर यही बेला अनेकतिर ठोक्किँदै मसम्म आइपुगेका क्यान्सरका केही युवा बिरामीहरूको विडम्बनाले मलाई निकै विचलित बनायो । यो समय मैले रिपोर्ट दिएका झन्डै दर्जन क्यान्सरका नयाँ बिरामीमध्ये एक ४० दिने शिशु थियो अनि आधा जति बीसदेखि तीस वर्ष उमेर समूहका थिए । अनि धेरै जसो उन्नत चरणमा पुगिसकेका क्यान्सर थिए ।

उसो त हामी चिकित्सकहरूलाई बिरामीहरूको पीडा देखेर भावनामा बहकिने सुविधा हुँदैन । अस्पतालबाट निस्केपछि बिरामीको जीवनमा के हुन्छ, सामान्यतः त्यसको सूचना पनि हामीसित हुँदैन । बिरामीबारे उपचारका क्रममा जानेका कुरा हामीले सार्वजनिक रूपमा बताउन पनि मिल्दैन । तर बिरामी विशेषको पहिचान नखुले गरी क्यान्सरजस्ता समस्याहरूबारे सबैले बुझ्ने भाषामा संवाद चलाउन भने आवश्यक भइसकेको जस्तो मलाई लाग्छ । त्यसैले यसपटक दैनिकी मुखमा मैले देखेका क्यान्सरका आधा दर्जन युवा बिरामीमध्ये एक जनाबारे छोटो चर्चा गरेर क्यान्सर रोगका बृहत्तर आयामबारे चर्चा गरेको छु । विवरण: ३० वर्षे सुत्केरी महिला । निदान: कलेजोको उन्नत क्यान्सर ।

घरमा कोही सुत्केरी हुनु भनेको कति तनाव, संवेदना र खुसीको कुरा हो भन्ने कुरा तपाईं हामी सबैलाई थाहा छ । परिवारका लागि त्यो चाड पनि हो र अग्निपरीक्षा पनि । त्यो चाडमा जब डाक्टरले आमाको पेटमा बच्चाबाहेक ठूलो भइसकेको क्यान्सर पनि छ भन्छन्, तब आफन्तजनलाई कस्तो लाग्ला ? त्यो अशुभ समाचार उनीहरूले बिरामीलाई कसरी सुनाउलान् ? नौ महिनासम्म सन्तान खेलाउने रहर पालेर पीडा सहेकी आमालाई जब बच्चा निकालने शल्यक्रिया भएलगत्तै 'केमो' सुरु गर्नुपर्छ भनिन्छ, त्यो भन्ने र सुन्नेबीच प्रवाह हुने पीडाको गहिराइ संसारको कुन मेसिनले नाप्न सक्ला ? यो दसैंमा बिरामी क्यान्सर देखेर म विचलित हुने अरू पनि दुई कारण छन् । एक, मेरा लागि क्यान्सर अब अस्पताल आउने बिरामीहरूमा मात्र सीमित छैन । हाम्रै नातागोता र आफन्तमाझ क्यान्सरसित जुझिरहेका मानिसको संख्या आधा दर्जन हाराहारी छ । तीमध्ये एकको उमेर चार वर्ष पनि पुगेको छैन, अरू केही मेरै उमेर हाराहारीका युवा छन् ।

उनीहरूले क्यान्सरको उपचार गराउँदा पाएको ताडना र हन्डर-ठक्करको साक्षी म बनेको छु । क्यान्सरका बिरामीका आफन्तहरूको जीवन नै उलटपुलट भएको, प्राथमिकता नै फेरिएको मैले देखेको छु । त्यसले मलाई क्यान्सरलाई रोग मात्रै भन्दा पनि परिवारमाथि आइलाग्ने विपत्तिका रूपमा बुझ्न सघाएको छ । दुई वर्षअगाडि दसैंकै मुखमा एक सहकर्मीकी श्रीमतीको क्यान्सर पत्ता लागेको थियो । उनको उमेर मेरै हाराहारी थियो अनि रोग त्यति उन्नत भइसकेको पनि थिएन । तर पनि उनले यो दसैं देख्न पाइनन् । केही वर्षदेखि क्यान्सरसित जुझिरहेकी एक वरिष्ठ प्याथोलोजिस्ट सहकर्मी पनि केही महिना अगाडि बित्नुभयो ।

दुई, जीवनमा म आफैं केही नयाँ प्राथमिकताहरू तय गर्ने क्रममा थिएँ यो दसैंमा । किताबको काम सकेलगत्तै एउटा नाफारहित अस्पतालको अवधारणामा काम गर्ने योजना थियो । हामी केही जनाको सानो समूहले त्यसमा गृहकार्य गर्न थालेको महिनौं भइसके पनि त्यसमा खटेर लागिसकेका थिएनौं । हामीलाई एउटा त्यस्तो अस्पतालको रहर थियो जुन स्वास्थ्य क्षेत्रमा केही गरौं भन्ने हुटहुटी भएका देशभित्र र बाहिर रहेका व्यक्ति र संस्थाहरूसित सोत जुटाएर खोल्न सकियोस् । अनि सञ्चालन खर्चका लागि न्यूनतम शुल्क लिएर सबै खाले बिरामीलाई सेवा दिन सकियोस् । उपचार खर्च नभएर कोही लखेटिन वा बन्धक बस्न नपरोस् ।

एउटै समस्याको उपचारका लागि बिरामी पाँचतिर धाउन नपरोस् । डाक्टर पनि हातमुख जोड्नलाई चारतिर दौडिन नपरोस् । सबैलाई महँगा निजी अस्पताल र भीडभाड हुने सरकारी अस्पतालको सहज तेस्रो विकल्प हुने गरी सेवा दिन सकियोस् ।

तिलगंगा आँखा अस्पतालको मोडलमा त्यस खाले बहुविधाको अस्पताल खोल्न स्रोत जुटाउन हाम्रो तागत पुग्थ्यो वा पुग्दैनथ्यो भन्ने दोस्रो चरणको प्रश्न थियो । त्यसअगाडि यो परियोजनाको मियोका रूपमा म मानसिक रूपमा तयार भएर त्यसमा हाम फाल्नु अनिवार्य थियो । तर पछिल्लो वर्षभरको मन्थन, अध्ययन र दसैंको क्यान्सर अनुभवले मलाई नेपालमा स्वास्थ्य सेवाको भूमिका र औचित्यबारे नै पुनर्विचार गर्न बाध्य पाऱ्यो । अघिल्लो वर्ष चैत २६ गते सेतोपाटीमा मेरो एउटा लेख प्रकाशित भएको थियो: अनि मलाई नेपाल छाड्ने इच्छा जाग्यो...।

नेपालमा वायु प्रदूषण इतिहासकै उच्च भएका बेला मसँगै नवजात छोरा पनि बिरामी भएर सास फेर्न सकस भएको थियो । त्यही बेला छिमेकमा घरैपिच्छेजस्तो फोहोर जलाएर धुँवाको कुइरीमण्डल बनाउने मानिसहरूसित आजित भएर मैले त्यो लेख लेखेको थिएँ । यो वर्ष पनि पानी थामिएसँगै वायु प्रदूषण उकालो लाग्दो छ र आकाश घुर्मेलो हुन सुरू भइसकेको छ । अनि छिमेकीहरूले झारपात र प्लास्टिकदेखि पुराना टायरसम्म जलाउन थालिसकेका छन् । नेपालीहरूको ठूलो दिल र महानताभा विश्वास गर्ने मानिसहरू पनि म कहिलेकाहीँ भेट्छु । नेता र व्यवस्थाको खराबीका कारण मात्रै हामी बर्बाद भएका हौं, नत्र नेपाली समाजले आकाश छोइसक्थ्यो भन्ने त हरेक मानिस भेटिन्छन् ।

तर धेरै वर्षदेखि म के निश्कर्षमा पुगेको छु भने अरूलाई पीडा दिएर रमाउनु (परपीडन वा स्याडिजम) को अभ्यास धेरै गर्दा गर्दै त्यो प्रवृत्ति कम्तीमा पनि मध्यम र उच्चवर्गका नेपालीको डिएनएमै घुलेर बसेको छ । त्यस खाले 'स्याडिजम' पछिल्लो समय 'म्याजोकिजम' वा स्वपीडनसमेत मिसिएको देखिन्छ ।

हिउँद लाग्दैछ । गाउँदेखि सहरसम्म दसैंमा लाखौंको संख्यामा किनिएका नयाँ पेट्रोलियम गाडी र दुईपांग्रेहरूको चकचकी छ । सडकमा धूलो उत्पादनका लागि खनेर छाडिएका प्रतित हुने खाल्डाहरूको बिगविगी छ । हरेकजसो घर पछाडिको सानो करेसाबारीमा झार उखेल्नेहरूले तरकारी लगाउनुअगाडि त्यसलाई ओसिलो छुँदै पोलेर धुँवाको मुस्लो छाड्दै छन् । झार उखेल्न अल्छी मान्नेहरूले घरअगाडिको झार मार्न 'विडकिलर' खन्याएर दसैंका लागि सरसफाइ गरेका छन् ।

पसलेहरूले सबैखाले फोहोर मिसाएर सडकछेउमा जलाइरहेका छन् । एउटा झालमा एक मुठी बोडी फलाउन पनि मानिसहरूले मनग्गे विषादी छर्किरहेका छन् । पकाएको मासु खाँदाखाँदि दिक्क भएर पोल्दै मासु खाइरहेका छन् । मासु पोल्दा वा उच्च तापक्रममा भुट्दा बन्ने हेट्टेराइक्लिक अमाइन र पोलिसाइक्लिन एरोमेटिक हाइड्रोकार्बनहरूले घाँटीको खाननलीदेखि आन्द्रासम्मको भाग्मा क्यान्सर गराउन सक्छन् । डिजेल र पेट्रोल इन्जिनबाट निस्केने 'पर्टिकुलेट म्याटर'ले फोक्सो लगायत शरीरका धेरै अंगका क्यान्सर गराउन सक्छन् । तरकारीका कीरा वा झार मार्न छर्किएका विषादीले अनेक थरी क्यान्सर गराउन सक्छन् ।

प्लास्टिक लगायत मिश्रित फोहोर जलाउँदा निस्केने धुँवामा त अनेक खाले क्यान्सर गराउन सक्ने दर्जनौं विष एकसाथ वायुमण्डलमा पुग्छन् । यी सबै काम हामी नेपालीहरूले जुन तन्मयका साथ गरिरहेका छौं, त्यो हेर्दा लाग्छ, हामीलाई आ-आफ्ना शरीरमा क्यान्सर भित्र्याउने हतारो छ । यो पृष्ठभूमिमा यसपालिको दसैंभर मलाई एउटा प्रश्नले रन्थनाइरहेको छ- जुन समाज आफैंलाई र छिमेकीलाई क्यान्सर लगायत घातक रोग गराउने यति धेरै कर्ममा सामूहिक रूपमा लिप्त छ, जहाँ आजको मोजमस्ती र र माइलो नै शाश्वत सत्य छ र भवियष्यबारे कुनै चिन्ता छैन, जहाँ परपीडन र स्वपीडन मानिसको जीवनका मार्गदर्शक सिद्धान्तहरू छन्, त्यहाँ क्यान्सरजस्ता रोगको सहज उपचार हुने अस्पताल खोल्नुको कुनै तुक छ ?

त्यसबाहेक, माथि उल्लिखित मानिसका कर्मको परिणाम क्यान्सर मात्रै होइन । दम लगायत एलर्जीजन्य रोग नेपालमा हरेक हिउँदमा आकासिन्छन् । सबै उमेर समूहलाई दमले गाँज्न थालेको त अब धेरै वर्ष भइसकेको छ । केही साताअगाडि सिजनल फुलुका कारण अस्पतालका बच्चाका वार्डहरू भरिभराउ थिए । कति अस्पतालमा सघन उपचार आवश्यक पर्ने बच्चाहरूले बेडै नपाउने अवस्था आइसकेको थियो । त्यसमाथि कोभिडको कहर अझै सकिएको छैन । कुनै पनि मौसमी रोगाव्याधमा सविकभन्दा अलिकति बढी मानिस बिरामी परे भने धान्नै नसक्ने हाम्रो स्वास्थ्य प्रणाली छ । कोभिड महामारीका कारण अस्पतालहरूको सीमितता र भद्रगोलबारे अपरिचित नेपाली पनि कमै होलान् । तर हामीभित्रको परपीडक-स्वपीडक प्रवृत्ति यति जब्बर छ कि परिवारको कुनै अरू सदस्य गम्भीर बिरामी परिसक्दा पनि हामीले चेत्दैनौं । हामीलाई स्वच्छ हावाको महत्व बुझ्न आफैं आइसियु र भेन्टिलेटरमा पुग्नुपर्छ ।

त्यसो भएपछि हामीलाई प्राण दिने वायुमण्डललाई ग्यास च्याम्बर बनाउने गरी स्कुटर, मोटरबाइक वा कार चढ्दा हामीलाई अपराधबोध हुँदैन । हामीलाई लागिरहन्छ- यो धुँवा र धुलोले क्यान्सर गराउने त अरूलाई पो हो । त्यसैले फोहोर व्यवस्थापनको झन्झट गर्नुभन्दा हामी त्यसलाई पनि दिनभर धुँवा पुत्ताउने गरी जलाइदिन्छौं । आँखाअगाडि नराम्रो देखिने कार्सिनोजन (क्यान्सर गराउने तत्व) लाई धुँवा बनाएर फोक्सोमा पुऱ्याएपछि त्यो देखिँदैन र हामी ढुक्क हुन्छौं । त्यसले क्यान्सर गराउने कहिले कहिले, हामीलाई सरसफाइ चाहिएको छ अहिले! यस्तो छ हामी 'महान' नेपालीको दृरदृष्टि ।

हाम्रो परिवारमा यो वर्ष शोक परेकाले दसैंको टीका थिएन। सौतेनी हजुर आमापट्टिका काका यही भदौमा बित्नुभयो भने त्यसको केही महिनाअगाडि असमयमै उहाँकै बुहारी बित्नुभएको थियो, सुत्केरी भएलगत्तै । त्यसको केही महिनाअगाडि उहाँकै ज्वाई बितेसँगै भभन्दा केही महिना कान्छी बहिनी विधवा भएकी थिइन् । यसरी कोभिडको वर्ष हाम्रो बृहत् परिवारमा वास्तवमै काल बनेर आएको थियो । तै पनि व्यक्तिगत रूपमा मेरा लागि योजस्तो उमंगकारी दसैं अर्को थिएन । कारण, छोराको यो पहिलो दसैं थियो । घरमा ऊलगायत तीन जना केटाकेटी अघिल्लो दसैंलगत्तै जन्मेका थिए । हरेक दिनजसो केही न केही नयाँ कुरा सिक्ने उमेरका उनीहरूको अनुहारमा हेर्दा मात्रै अहिले जति खुसी मिल्छ, जीवनमा यसअगाडि मैले कहिल्यै अनुभव गरेको थिइनँ । त्यसैले शोक र खुसी एकसाथ बोकेको यस्तो दसैं यसअगाडि कहिल्यै आएको थिएन ।

म अझै बुढो भइसकेको छैन । तर मसित किशोरकालमा वा युवावयको सुरूमा झैं असीमित ऊर्जा छैन । अब प्राथमिकता तय गरेर त्यसमा तन, मन र धन दिनलाई दशकौंको समय पनि छैन । त्यसैले पनि बाँकी जीवनका योजना बनाउँदा होस पुऱ्याउनु पर्ने अवस्था छ । एउटा चिकित्सकका रूपमा आफ्नो विज्ञाताका हिसाबले अस्पताल खोल्नु मेरो स्वभाविक गन्तव्य हुनुपर्ने हो । तर मानिसलाई रोग लागिसकेपछि आवश्यक हुने अस्पतालको काममा डट्ने हो भने सन्ततिहरूको पुस्ताको बाँच्न पाउने अधिकारका लागि गर्नुपर्ने संघर्षमा पछि परिने हो कि ? यो डरले यसपटक मेरो मनमा जरा गाडेको छ ।

जुन समाजको आत्महत्याजन्य कामसित दुर्व्यसन नै भन्न मिल्ने लगाव छ, त्यहाँ अस्पतालहरूले मानिसको जीवनमा तात्विक अन्तर ल्याउँदैनन् । त्यसैले बरू हाम्रो पुस्तासम्मका परपीडक-स्वपीडकका कारण बर्बाद भइरहेको छोराको पुस्ताको भविष्यका लागि आवाज उठाउने हो भने त्यो बढी सार्थक हुन सक्छ, मलाई अहिले यस्तै लागिरहेको छ । उसो त हामी वर्तमानको क्षणिक खुसीका लागि यति यत्नशील छौं कि भोलिका लागि के गर्न सकिएला वा गर्नुपर्ला भनेर गरिने बहसको खासै अर्थ छैन ।

कुनै विषयमा हामीले बहस गरे पनि अक्सर त्यसले हाम्रो व्यवहारमा कुनै परिवर्तन ल्याउँदैन । क्यान्सरका भुक्तभोगीबाहेक तपाईं पाठकमध्ये अरू कसैले यी पंक्ति पढेर संवेदित हुनुहोला वा कसैले आफ्नो जीवनशैली परिवर्तन गर्नुहोला भन्ने मलाई लाग्दैन । यसै पनि हामीलाई 'यसो गर, उसो नगर' भनेर कसैले उपदेश दिएको मन पनि पर्दैन । यथास्थितिसित चित्त नबुझ्ने मजस्ता मानिससित यही गनगन गरेर बसिरहने वा अलि स्वच्छ हावा भएका ठाउँतिर पलायन हुने विकल्प छँदैछन् । त्यसैले मानिसलाई दोषबोध गराउने नियतसहितका यस्ता लेख पनि हामी नेपालीको आम चासो र रूचिका विषय छैनन् । तै पनि जबसम्म लेखिन्छ, तबसम्म लेखनको धर्मअनुसार 'समस्या मात्रै देखाउने, समाधान नखोज्ने' भन्ने केही पाठकको आलोचना मत्थर पार्न म अब थोरै चर्चा त्यतापट्टि गरेर यो निराशा-पत्ररूपी लेखको बिट मार्छु । हाले नौ देशका दसौं हजार मानिसको खुसी वा 'हयापिनेस' बारे एउटा बृहत् अध्ययन भएको थियो । त्यसको नतिजा अनुसार सबैजसो समाजमा आधाभन्दा बढी मानिस भौतिक सुख-सुविधाले नैश, सुख बढी र पीडा कम भएको 'हेडोनिक प्लेजर' चाहन्छन् ।

त्यस्तै एक चौथाइ मानिस जीवनलाई अर्थपूर्ण बनाउने 'युडाइमोनिक ह्यापिनेस' चाहन्छन् जहाँ शारीरिक र मानसिक आराम वा निरन्तर मनोरञ्जनको सट्टा मेहनत वा तनाव र अभावसमेत इच्छित हुन सक्छ । तर खास लक्ष्य हासिल गर्ने र समाजलाई उज्यालोतिर अघि बढाउने व्यक्तिको लालसा यति बलियो हुन्छ कि त्यसका लागि संघर्ष गर्दा हुने दुःखहरूले उनीहरूलाई उल्टै खुसी प्रदान गर्छन् । अनि १०-१५ प्रतिशत मानिस विविध खाले अनुभवको धनी 'एक्सपेरियन्सियल' जीवनशैली चाहन्छन् । सबै समाजमा सबै किसिमका मानिस हुनु स्वभाविक हो । तपाईंको रोजाइमा तीनमध्ये कुनै पनि खालको खुसीले प्राथमिकता पाउँछ भने त्यसका लागि तपाईंले दोषबोध गर्नुपर्ने वा कसैको उपदेश सुन्नुपर्ने आवश्यकता छैन ।

तर 'हेडोनिक' खुसीका लागि मरिमेट्नेहरूको नेपालमा अहिलेको जस्तै भारी बहुमत कायम हुने हो भने त्यही सुखसयल र सुविधा पनि क्षणिक प्रमाणित हुनेछ । जुन देशमा वर्षको छ महिनासम्म सासै फेर्न नमिल्ने हावा हुन्छ, जुन बस्तीको घरघरमा क्यान्सरका बिरामी हुन्छन्, जुन देशमा सहज समयमा धनाढ्यहरूले मात्रै सहज स्वास्थ्य सेवा पाउँछन्, त्यहाँ कार र घरमा जोडिएका एसीहरूले मात्रै कहिलेसम्म मानिसलाई सुखी र खुसी राख्न सक्लान् ? हावा विषाक्त भएर एसी चलाउन र महँगा अस्पतालमा उपचार गराउन नसक्ने अरूहरू प्याकप्याक भएर मरूञ्जेल त तपाईंले कार किनेर एसी चलाउँदै र धुँवा निकाल्दै चढ्नुभयो, तर सडकमा गाडी गुड्ने ठाउँ भरिएपछि के गर्नुहुन्छ ?

स्मरण रहोस्, हामीले सुविधाका लागि चढ्ने कारजस्ता साधनकी असर तत्काल हुने वायु प्रदूषणमा सीमित छैन । जर्नल अफ फ्लोरिन केमिस्ट्रिका अनुसार तपाईंको फ्रिज वा घर र कारको एसीबाट चुहिने हाइड्रोफ्लोरोकार्बनमध्ये ट्राइफ्लोरोमिथेनको वायुमण्डललाई तताउने क्षमता कार्बन डाइअक्साइडको भन्दा ११,७०० गुणा बढी हुन्छ । अर्थात्, तपाईंले आफ्नो सुविधाका लागि आफ्नै कमाइले एउटा फ्रिज वा एसी थप्दा त्यो किनेर प्रयोग गर्न नसक्ने मानिसको समेत पृथ्वीमा आयु उल्लेख्य रूपले घटाउँदै हुनुहुन्छ । मानव सभ्यतालाई विनाशको संघार मा पुऱ्याइसकेको जलवायु संकट हाम्रो जीवनकालमा यति घनीभूत भएर जानुमा हाम्रो 'हेडोनिक प्लेजर' प्रतिको यस्तो आशक्ति मुख्यतः जिम्मेवार छ । हाम्रो वायुमण्डललाई ग्यास च्याम्बर र बस्तीहरूलाई क्यान्सरको नर्सरी बन्नबाट रोक्ने अब एउटा मात्रै उपाय छ, हाम्रो 'हेडोनिक' खुसीप्रतिको यस्तो आशक्ति बदल्ने ।

जुन दिनसम्म तपाईंले एसीसहितको कार किनेर आना छोराछोरीलाई त्यसमा सरर घुमाउने सपना छाडेर तपाईंको सहरका सबैजसो मानिस साइकल चढेर हिँडेको सपना देख्नुहुन्न, अनि त्यसलाई साकार पार्न चार वटा साइकल किनेर घरका चारै जना सामूहिक साइकल जान थाल्नुहुन्न, नेता, सरकार वा व्यवस्था जस्तो भए पनि नेपाल ग्यास च्याम्बर नै बनिरहनेछ, हाम्रा बस्ती क्यान्सरका नर्सरी बनिरहनेछन् ।

उसो त नेपालीहरूको पेट्रोलियम दुर्व्यसन यसै रहने हो भने भोकमरीले पनि धेरै ज्यान लिनेछ । कारण, देशमा उत्पादित अर्बौंको बिजुली खेर फालेर खाडीको तेल-ग्यास आयात र खपत गर्ने राष्ट्रवादीहरूले भरिभराउ छ यो देश । यस वर्ष युरोपमा अहिल्यै एलपी ग्यासको मूल्य चार गुणाले बढिसकेको छ । अनि अबको हिउँदमा संसारभर पेट्रोलियमको भाउ आकासिने र नेपालजस्ता देशको अर्थतन्त्र तेल-ग्यासको मूल्यकै कारण टाट पल्टने सम्भावना छ । त्यसैले सकिन्छ भने जीवनमा 'हेडोनिक' खुसीसँगै अलिकति 'युडाइमोनिक' खुसीको पनि खोजी गरौं । हाम्रा साझा सपनाहरू बदल्दै पेट्रोलियम दुर्व्यसनको उपचार गरौं । साइकल र विद्युतीय साधनहरू अपनाऔं । झारपात र फोहोर जलाउन छाडौं । सहरहरूलाई मानिस बस्न योग्य बनाऔं ।

(लेखक क्षेत्रीको प्रकाशोन्मुख किताब मूलतः उनको परिवार र गाउँको इतिहास हो जसमा विभिन्न पुस्ताको गाउँ-सहर यात्रा, पहाड-तराइ बसाइसराइ, बर्मासम्म नेपालीहरूको आप्रवासन, गोर्खा भर्ती, दुई विश्वयुद्धदेखि भारतको हरित क्रान्तिसम्मले गाउँमा पारेका प्रभाव लगायतका विषयवस्तु समेटिएका छन् । लेखकले गाउँ हुँदै २०७३ सालमा गरेको पर्वत-बान्लुङ-गुल्मी-पाल्पा-रुपन्देही 'नुन-तेल मार्ग'को एकल पदयात्रालाई आधार बनाएर लेखिएको किताबमा २०४६ सालपछि लेखक हुँकिँदै गर्दाका पहाडी गाउँहरूको मिहिन चित्रण छ । २०७७ र २०७८ मा लेखकले फेरि गरेका दुई गाउँ यात्राहरूमा आधारित नेपालका गाउँहरूको वर्तमान र भविष्य समेट्ने दुई लामा निबन्धहरू जलवायु संकटले नेपालमा ल्याउन सक्ने विपत्तिहरूमा केन्द्रित छन् ।) *- साभारः सेतोपाटी*

सरकारका सय दिन : खोपको उपलब्धता र स्वास्थ्य व्यवस्थापन

काठमाडौं (रासस)/ सरकार गठन भएलगतै संसद्मा प्रधानमन्त्री शेरबहादुर देउवाले सरकारको पहिलो प्राथमिकता कोभिड-१९ को महामारीबाट जनतालाई बचाउने र यसका लागि खोपको उचित व्यवस्था गर्ने रहेको बताएका थिए ।

सोही प्रतिबद्धता अनुसार सरकार कोरोना महामारी नियन्त्रण गर्न र खोप अभियान प्रभावकारी ढंगले अघि बढाउन सफल भएको छ । कोरोना भाइरसविरुद्धको खोप यही असोज मसान्तसम्म सरकारले अघि सारेको लक्षित जनसंख्याभन्दा केही बढीलाई लगाइएको छ ।

त्यसैले यो परिणामलाई पनि उपलब्धिका रूपमा लिन सकिन्छ । सरकारले असोज मसान्तसम्म लक्षित जनसंख्याको कम्तीमा पनि एक तिहाइलाई खोप लगाउने लक्ष्य लिएको थियो तर उक्त लक्ष्यभन्दा बढीले खोप प्राप्त गरिसकेका छन् ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रवक्ता डा कृष्णप्रसाद पौडेलले लक्ष्य गरेअनुसार सरकारले खोप लगाएको जानकारी दिए । उनले कोभिड-१९ को चुनौतीका बाबजुत नेपालले रोकथाम र नियन्त्रणलाई प्रभावकारी कार्यान्वयन गर्दै स्वास्थ्य व्यवस्थापनमा ठूलो फड्को मारिसकेको बताए ।

उनका अनुसार १८ वर्षभन्दा माथि लक्षित जनसंख्यामध्ये ४३ प्रतिशतले पहिलो मात्रा र ३२.६ प्रतिशतले पूर्ण मात्राको खोप लगाइसकेका छन् । १८ वर्षभन्दा माथिका एक करोड ९९ लाख ३३ हजार १६४ जनालाई खोप लगाउने मन्त्रालयको लक्ष्य रहेको छ । असार मसान्तको तथ्याङ्क हेर्दा ५.१ प्रतिशत लक्षित समूहले पूर्ण मात्रा खोप पाएका थिए । यस्तै कूल जनसंख्यामध्ये २८.३ प्रतिशतले पहिलो मात्रा र २१.४ प्रतिशत पूर्ण मात्राको खोप लगाएका छन् । यस्तै १५ वर्षभन्दा माथिका ३९.४ प्रतिशतले पहिलो मात्रा र २९.८ प्रतिशतले पूर्ण मात्राको खोप लगाइसकेका छन् । १५ वर्षभन्दा माथिका दुई करोड १७ लाख ५६ हजार ७६३ जना रहेका छन् ।

मन्त्रालयका सहप्रवक्ता डा समीरकुमार अधिकारीले तीन जिल्ला मनाङ, मुस्ताङ र पूर्व रुकुममा १८ वर्षमाथिका सबैलाई कोभिड-१९ विरुद्धको खोप उपलब्ध गराइएको र थप १० जिल्लामा पनि पूर्ण खोप प्रदान गर्ने गरी खोप प्रदान गर्ने कार्य जारी रहेको जानकारी दिए । उनका अनुसार पछिल्लो सय दिनमा ५८ लाख तीन हजार २६० लाई कम्तीमा पहिलो मात्रा र ५३ लाख ६७ हजार ६५ जनालाई पूर्ण मात्राको खोप प्रदान गरिएको छ ।

नेपालमा पहिलो पटक २०७६ माघ ९ गते संक्रमण देखिएको थियो । सरकारले गत माघ १४ गतेबाट खोप लगाउन सुरु गरेयता अहिलेसम्म एक करोड ५० लाख ४८ हजार २८८ जना सर्वसाधारणले खोप लगाइसकेका छन् ।

नेपालमा पहिलो पटक संक्रमण देखिएको एक वर्षपछि खोप लगाइएको थियो । सुरुमा ६५ वर्षभन्दा माथिका र स्वास्थ्यकर्मी, अस्पतालमा काम गर्ने सरसफाइकर्मी, कोभिड-१९ विरुद्धको रोकथाम र नियन्त्रणमा अग्रपंक्तिमा रहेका काम गर्ने व्यक्तिबाट सुरु गरिएको खोप अहिले ४० वर्षमाथिका प्राय: सबैलाई खोप दिइन बाँकिएको छ ।

सरकारले आगामी असोजसम्म लक्षित वर्गको ३३ प्रतिशत, पुस मसान्तभित्रमा दुई तिहाइ र चैतमसान्तसम्म लक्षित सबैलाई खोप लगाउनसक्ने जनाएको छ । महाशाखाको बालस्वास्थ्य तथा खोप शाखाका प्रमुख सागर दाहालका अनुसार अहिलेसम्म नेपालमा एक करोड ८८ लाख ५८ हजार ७० मात्रा खोप नेपाल आइसकेको छ ।

उनले अब दुई करोड ४१ लाख ५८ हजार ७८० मात्रा खोप खरिद, कोभ्याक्स सुविधामार्फत ल्याइने जानकारी दिए । थप एक करोड २९ लाख मात्रा खोप प्राप्तिको प्रक्रियामा रहेको मन्त्रालयले जनाएको छ ।

सरकारले १२ देखि १८ वर्ष उमेर समूहका बालबालिकालाई मोडर्ना र फाइजर खोप लगाइनेछ । मोडर्ना ४० लाख र फाइजर ६० लाख मात्रा ल्याउने तयारी गरेको छ । उनका अनुसार बालबालिकालाई लगाउने फाइजर एक लाख ६२० मात्रा खोप यही अक्टोबरको अन्तिममा ल्याउने तयारी गरिएको छ । नेपालमा अहिले कोभिसिल्ड, भेरोसेल, जोन्सन एन्ड जोन्सन, एस्ट्राजेनिका खोप लगाइएको छ ।

सरकारले सर्वसाधारणलाई खोप लगाउनका लागि खरिद, अनुदान र कोभ्याक्स सुविधामार्फत ल्याइरहेको छ । कूल खोप लगाउने लक्षितमध्ये २० प्रतिशत कोभ्याक्स सुविधामार्फत ल्याउने सरकारले तयारी रहेको छ ।

संक्रमण दर घट्यो

सहप्रवक्ता डा अधिकारीका अनुसार पछिल्लो सय दिनमा कोभिड-१९ संक्रमण पुष्टि दर १६.२ प्रतिशत रहेको छ । असार मसान्तसम्म नेपालमा संक्रमण दर २१.६ प्रतिशत रहेकामा हाल ५.५ प्रतिशतमा झरेको छ भने एन्टीजेन परीक्षणमा १९.८ प्रतिशतबाट ०.५ झरेको मन्त्रालयले जनाएको छ ।

त्यसैगरी ६०० सघन उपचार कक्ष (आइसियु), ३०० भेन्टिलेटर र एक हजार ४०० हाई डिपेन्डेन्सी युनिट (एचडियु) थप गर्ने लक्ष्य रहेकामा सरकारको १०० दिनमा ३११ आइसियु, १२२ भेन्टिलेटर र ७५२ एचडियु थप गरिएको सहप्रवक्ता डा अधिकारीले जानकारी दिए ।

यस्तै सरकारको १०० दिनको अवधिमा २० अस्पतालमा अक्सिजन प्लान्ट र आठ अस्पतालमा तरल (लिक्विड) अक्सिजन प्लान्ट जडान भएको छ । राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला, टेक्र त्रिवि शिक्षण अस्पताल, महाराजगञ्जबाट अणुवांशिक अध्ययन (जिन सिक्वेन्सिङ) को परीक्षण सुरुआत गरिएको उनले बताए ।

मण्डारण क्षमता बढाइँदै

असार मसान्तसम्ममा अल्ट्रा कोल्ड चेन (अत्यन्त चिसो तापक्रम) चाहिने खोपहरूको भण्डारण तथा उचित व्यवस्थापनका लागि आवश्यक पर्ने सामग्रीहरूको कुनै पनि व्यवस्था नभएकामा हाल दुईवटा अल्ट्रा कोल्ड चेनको व्यवस्था भइसकेको मन्त्रालयका प्रवक्ता डा. पौडेलले जानकारी दिए ।

उनका अनुसार मंसिर महिनासम्ममा थप छवटा गरी आठवटा अल्ट्रा कोल्ड चेन बनाइनेछ । क्यान्सर, भिर्गौला रोगी र मेरुदण्डका गम्भीर बिरामीलाई उपचार खर्चका लागि मासिक पाँच हजार प्रदान गर्ने सरकारको निर्णयले गरिब असहाय्को घाउमा मलहम लगाएको छ ।

यस्तै विभिन्न सहयोगी संस्थाको सहयोगमा सरकारले वीर अस्पताल त्रिवि शिक्षण अस्पताल र शुक्राजञ्जर टृपिकल तथा सरुवा रोग अस्पतालबाट एचआइभी हेपाटाइटिस सी उपचार सेवाको सुरुआत गरेको छ ।

खोपसँगै पर्यटनमा उत्साह

काठमाडौं (रासस)/ प्रधानमन्त्री शेरबहादुर देउवा नेतृत्वको सरकार गठन भएको सय दिन पुगेको छ । नेपाली कांग्रेसका सभापतिसमेत रहनुभएका प्रधानमन्त्री देउवाले सरकारको नेतृत्व सम्हाल्नुभएपछि यो अवधि आशाभरोसासहित उपलब्धिमूलक बनेको छ ।

पछिल्लो समयमा विकसित राजनीतिक संकट तथा कोभिड-१९ को महामारीबाट मुलुक गुज्रिरहेका बेला बाध्यात्मक परिस्थितिमा प्रधानमन्त्री देउवाले सरकारको नेतृत्व सम्हालेका थिए । यो अवस्थामा कोभिड विरुद्धको खोपको उपलब्धतामा सरकार पूर्ण सफल भएको छ । दैनिक तीन लाखसम्मलाई खोप लगाउने वातावरण बनेको छ । भारत, चीन, जापान, अमेरिकालगायत मुलुकबाट खोप ल्याउने क्रम चलिरहेको छ ।

सरकारको सय दिनको अवधिमा मुलुकको पर्यटन क्षेत्रले सकारात्मक फड्को मारेको छ । दसैँको आगमनसँगै आन्तरिक पर्यटकको चहलपहलले पर्यटन क्षेत्रमा आशा जगाएको छ । त्यस्तै बाह्य पर्यटक आगमन संख्या पनि अघिल्लो महिनाको तुलनामा झण्डै दोब्बरले बढेको छ । नेपाल पर्यटन बोर्डको तथ्यांक अनुसार सन् २०२१ को अगष्टमा पाँच हजार ९१७ विदेशी पर्यटक नेपाल आएकामा यो संख्या सेप्टेम्बरमा बढेर नौ हाजर ८९८ पुगेको छ ।

यस वर्षको सेप्टेम्बर महिनासम्मा ७६ हजार ८६४ विदेशी पर्यटकले नेपाल भ्रमण गरेका छन् । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय मातहतका काम कारबाही प्रभावकारी रूपमा अघि बढेका छन् । पर्यटनमन्त्रीको आगमनसँगै मन्त्रालय मातहत रहेका कतिपय निकायको समस्या सुधारोन्मुख देखिएको छ ।

राष्ट्रिय ध्वजाबाहक नेपाल वायुसेवा निगम (नेपाल एयरलाइन्स) लाई सुदृढ र प्रभावकारी बनाउने योजना अनुरुप पर्यटनमन्त्री आलेले निगम सुधारका लागि प्रयास थालेका छन् । असोज २२ गते नियुक्त भएका पर्यटनमन्त्री आलेले निगममित्र विगत १०४ दिनदेखि जारी कर्मचारी ड्रेड युनियनको आन्दोलन स्थगित गराएर समस्या समाधानका लागि पहलकदमी लिएका छन् । यसले सकारात्मक सन्देश गएको छ । निगमलाई निजीकरण गर्न लागिएको भन्दै कर्मचारीले लामोसमय आन्दोलन गर्दा संस्थाका सम्पूर्ण काम कारबाही प्रभावित भएको थियो । निगमका महाप्रबन्धक १०२ दिनदेखि कार्यालय पुग्न सकेका थिएनन् । अहिले सहज वातावरण सिर्जना भएको छ ।

निर्माणाधीन भैरहवास्थित गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थल यथाशीघ्र सञ्चालनका लागि काम भइरहेको छ भने पोखरा क्षेत्रीय अन्तरराष्ट्रिय विमानस्थलको कामलाई पनि प्रभावकारी बनाइएको छ । हालै प्रधानमन्त्री देउवाले पोखरा क्षेत्रीय अन्तराष्ट्रिय विमानस्थलको स्थलगत अवलोकन गरी काम प्रभावकारी रूपमा अघि बढाउन निर्देशन दिँदै सरकारले सहजीकरण गर्ने प्रतिबद्धता व्यक्त गरे । यी दुबै विमानस्थल राष्ट्रिय गौरवको आयोजना हुन् ।

यस्तै पर्यटनमन्त्री आलेले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको स्थलगत अवलोकन गरी सेवालाई सुदृढ र प्रभावकारी बनाउन विभागीय प्रमुखलाई निर्देशन दिएका थिए । निगम र विमानस्थलभित्रका विवृतिलाई अन्त्य गरी उदाहरणीय काम गर्न उनले आग्रहसमेत गरेका थिए । सरकारको प्रयास तथा अन्तर्राष्ट्रिय रूपमा पनि नेपालको पर्यटनका लागि सहज वातावरण बन्दै गएको छ । कोभिड-१९ महामारीका कारण नेपाललाई अन्तर्राष्ट्रिय यात्रा प्रतिबन्ध 'रेडलिष्ट'मा राखेको बेलायत सरकारले हालै उक्त प्रतिबन्ध फुकुवा गरेको छ ।

यही अक्टोबर ११ देखि लागू हुनेगरी बेलायत सरकारले नेपाललगायत ५४ मुलुकलाई रेड लिष्टको सूचीबाट हटाएको हो । नेपाल बेलायतका लागि पर्यटनको प्रमुख गन्तव्य मुलुक हो । पहिलो भारत, दोस्रो चीन, तेस्रो अमेरिका तथा चौथोमा क्रहिले श्रीलंका कहिले बेलायत पर्ने गरेको छ । आगामी नोभेम्बर पहिलो साता लन्डनमा हुने पर्यटन क्षेत्रको कुम्भमेला वर्ल्ड ट्राभल मार्ट (डब्लूटिएम) मा नेपाल पनि सहभागी हुन पाउने भएको छ । यसपटक नेपाल पर्यटन बोर्डसहित १० निजी कम्पनीले सहभागिता जनाउने बोर्डले जनाएको छ ।

दुई वर्षपछि पर्यटन गतिविधिमा नेपाल बेलायतमा सहभागी हुन लागेको हो । सन् २०२० मा महामारीका कारण नेपाल मेलामा सहभागी भएन । सरकारले विदेशी पर्यटकका लागि अनअराईअल भिसा दिने व्यवस्था मिलाएको छ । यसले पनि पर्यटन बजारमा नयाँ उत्साह थपिएको छ । खोपको मात्रा पूरा गरेका पर्यटकलाई क्वारेन्टिन बस्न नपर्ने र गन्तव्य पुग्न सहजीकरण गरिनुले विदेशी पर्यटक बढ्ने अपेक्षा गरिएको छ ।

नेपालको पर्यटन पुरर्द्धन तथा अन्तर्राष्ट्रिय गन्तव्यमा बजारीकरणका लागि नेपाल पर्यटन बोर्डले विभिन्न मुलुकका राजदूत तथा कूटनीतिक नियोगसँग निरन्तर छलफल गरिरहेको छ । विभिन्न मुलुकमा सेल मिसन चलाउनेदेखि छिमेकीमुलुक भारत र चीनमा पर्यटन पुरर्द्धनको योजनाका साथ अघि बढेको बोर्डले जनाएको छ ।

आन्तरिक पर्यटन प्रवर्द्धनका लागि बोर्डले सात वटै प्रदेशमा योजनाबद्ध कार्यक्रम अघि सारेको छ । सरकारले अघिल्लो बजेटमा घोषणा गरेको पर्यटन काज बिदाको मापदण्ड बनाउन पर्यटन मन्त्रालय लागिपरेको छ । यसले आन्तरिक पर्यटनलाई चलायमान बनाउनुका साथै महामारीले नराम्ररी थलिएको पर्यटनलाई लयमा फर्काउन महत पुग्ने व्यवसायीको विश्वास छ ।

सांस्कृतिक सम्पदाको पुरबर्द्धन, पुरातात्विक सम्पदाको संरक्षणलगायतमा पनि सरकारले चासो दिएको छ । धार्मिक पर्यटन बढाउन विभिन्न योजनाबद्ध कार्यक्रम बनाइएको छ ।

पशुपति, लुम्बिनी, मुक्तिनाथ, जनकपुरधामलगायत तीर्थस्थलमा पर्यटकको बाक्लो उपस्थिति बढेको छ । कोभिड कहरको सामनासँगसँगै प्राकृतिक विपद्का घटनाको पनि डटेर सामना गर्नुपर्‍यो । पछिल्ला दिनमा बेमौसमी वर्षाले बाढीपहिरो र ड्रवानका घटना बढेका छन् । बेलैमा उद्धार र राहत वितरणमा पनि सरकारले प्रभावकारी कदम चालेको छ ।

उपलब्ध स्रोतसाधन र जनशक्तिको भरपुर प्रयोग गरेर जनताको हितका निम्ति काममा सरकार लागिपरेको छ ।

वर्तमान सरकारले आफ्नो प्रमुख प्राथमिकतामा राखेर कोरोनाको रोकथाम, नियन्त्रण र उपचार गरेपछि अहिले कोरोना संक्रमण न्यून हुँदै गएको छ । पछिल्लो तथ्यांकले कोरोना नियन्त्रण उन्मुख भएको पुष्टि गरेको छ ।

प्रतिनिधिसभामा विश्वासको मत पाएलगतै प्रधानमन्त्री देउवाले नेपाली नागरिकलाई कोभिड-१९ को प्रकोपबाट जोगाउने सरकारको पहिलो प्राथमिकता हुने उद्घोष गरेका थिए ।

सरकारले चैतसम्म खोप दिइसक्ने प्रतिबद्धतासमेत जनाएको छ । जस अनुसार निर्धारण गरेको दुई करोड १७ लाख ५६ हजार ७६३ जनाले चैतसम्ममा खोप लगाइसक्ने तयारीमा सरकार छ । चीन सरकारसँग सम्झौता गरेको ६० लाख भेरोसेल खोपमध्ये ४४ लाख मात्रा खोप आइसकेको छ ।

चीनले मंगलबार मात्र थप २० लाख मात्रा खोप दिने घोषणा गरेको छ । सरकारले १८ वर्षमुनिका बालबालिकालाई खोप दिने सुनिश्चितता गरेको छ । ४० लाख मात्रा मोर्डना खोप आउने निश्चित भएको छ । सरकारको युद्धस्तरको तयारीका कारण बाँकी खोप चाँडो आउने चरणमा छ ।

नेपालमा खोपको पर्याप्तताले पर्यटन बजारलाई उत्साहित बनाएको । नेपाल पर्यटनका लागि सुरक्षित गन्तव्य रहेको विश्वबजारमा सन्देश पुग्ने भएकाले विदेशी पर्यटक बढ्ने विश्वास गरिएको छ ।

आन्तरिक पर्यटनका गतिविधि पनि बढेकाले नेपालको पर्यटन पूर्वबत अवस्थामा फर्कने संकेत देखिएको छ ।

अवसर गाउँमा : युवा सहरमा

गलेश्वर (रासस)/ धेरै समयपछि, सोमबार बिहान म्यागदीको बेनी नगरपालिका-२ बगरफाँट गाउँमा एकजना गन्धर्व दाइ भेटिए । सारङ्गीको ज्याइँ-ज्याइँसँगै मीठो स्वरमा विदेशिएका युवालाई स्वदेश फर्कन र गाउँमा रहेका युवालाई विदेश नजान आग्रहसहित गाउँमा रहेका अवसरको बेलीविस्तार लगाउँदै गीत गाउँदा छोराछोरी र बुहारी विदेशिएका घरका बुबाआमाको आँखा रसाए ।

"घरको संघार नाघेर जान्छौ, गाउँको सह सँगसँगै लैजान्छौ", यसरी गीत सुरु गरेका गुल्मी रुरुका मानबहादुर गन्धर्वले "नजाउ युवा विदेश र सहर, गर्नसके गाउँमै छ अवसर", गाउँदै गीत टुङ्ग्याए ।

गीतमा सुनिएका मानबहादुर गन्धर्वका शब्दमा नेपाली ग्रामीण परिवेशको यथार्थ बयान भेटिन्छ । फाटैभरि लहलहै झुलेका धान । गेठैभरि गाईबस्तु । खोरमा बाख्रा र कुखुरा । कर साबारीमा तरकारी । बारीमा केह्रा । चारैतिर हरियाली । वरिपरी साह्रोगाह्रो पर्दा सघाउने आफन्त र इष्टमित्र । यो शारदीय मौसममा देखिने गाउँको चित्र हो ।

एक/डेढदशक अघिसम्म 'गाउँमा अभाव छ,अवसरै छैन' भन्ने मानसिकता व्यापक थियो । तर, अहिले समय फेरियो । देशमा संघीय व्यवस्था लागू भएपछि दुर्गम गाउँको मुहार पनि उजेलिएको छ । गाउँ-गाउँ, बस्ती-बस्तीमा सिहंदरबार पुगेको अनुभूति गरिएको छ । गाउँका बस्ती बस्तीमा मोटरबाटो पुगेको छ । बजारको सामान गाडी चढाएर घरको आँगनमै झार्न सकिन्छ । गाउँमा उत्पादन गरिएको वस्तु मान्छेले नबोकिकनै बजारका पसल पसलमा पुऱ्याउन सकिन्छ ।

अहिले गाउँमा सुन्दर प्रकृति, आवश्यक विकास र थुप्रै अवसर छन् । छैनन् त केवल प्रकृति, विकास र अवसरलाई सदुपयोग गर्ने युवा । "युवा नहुँदा गाउँ, गाउँघर जस्तो लाग्दैन । गाउँले, गाउँले जस्ता देखिदैनन्", आफ्ना २६ वर्षीय छोरालाई विदेश जानबाट रोकेर गाउँमै कृषिकर्मा लगाएका बगरफाँटका दुर्गाबहादुर थापाले भन्नुभयो, "मुलुकमा आएको ठूलो परिवर्तनसँगै गाउँलेका रहर र सपनामा पनि परिवर्तन आएको छ ।"

केटाकेटी १० पास गरेपछि सहर पस्छन् । १२ पास गरे परदेशी बन्छन् । विदेश जान गाउँमा होड चल्छ । गाउँमा रहेका अवसरप्रति त कसैको आँखै लाग्दैन । म्यागदीमा केही समययता विदेशबाट फर्केर गाउँमै उद्यम गर्ने युवाको संख्या बढ्दै गए पनि विदेश नै नगइ गाउँमा नै अवसरहरूको खोजी गर्ने युवाहरू भने नगण्य मात्रामा रहेका छन् ।

"बालबालिकादेखि ४५ वर्षसम्मकालेसमेत विदेशकै चाहना राखेको हुन्छ", बुद्ध एकेडेमीका शिक्षक प्रेम शाहीले भने, "कक्षामा बालबालिकालाई भविष्यमा तिमी के बन्ने चाहना राखेका छौ भनेर सोध्ने हो भने धेरैको मुखबाट 'लाहुरे' शब्द फत्त निस्कन्छ ।" युवा आफ्नो रहरले भन्दा पनि घरका अभिभावकको कहरले गर्दा विदेशिन बाध्य भएका हुन् भन्ने भनाइ छ बेनीका दण्डपाणि शर्माको । उनी भन्छन्, "फलानोको छोरो विदेश गएर यो गऱ्यो, त्यो गऱ्यो, तँ गाउँमै हल्लिएको छस्, खाएको छस्, बुढा बाबु वल्लो घर छोरालाई गाली गर्दै कराएको पल्लो घर सुनिन्छ, वातावरण नै यस्तो भइदिएपछि एकै युवाले मात्रै के के पो गरोस् ।"

युवामा सकेसम्म युरोप, अमेरिकामा 'सेटल' हुन नसके खाडी मुलुकमै गएर भए पनि केही कमाएर फर्केर भन्ने मानसिकताले गर्दा गाउँमा रहेका रोजगार र आयआर्जनका अवसर र सम्भावना ओझेलमा परेका यहाँका जानकारको भनाइ रहेको छ । रोजगारीका लागि विदेश पसेका युवाबाट म्यागदीमा वार्षिक तीन अर्बकी हाराहारीमा रेमिट्यान्स भित्रिने गरेको गरिमा विकास बैंक बेनीका प्रमुख कमल डुंगाना बताउँछन् ।

रेमिट्यान्सले पैसा त आयो तर पैसासँगै गाउँमा खुसी भने आउन सकेको छैन । छोराछोरीले विदेशमा कमाएको पैसाबाट किनिएका सहरका घर र घडेरीमा गाउँका बृद्धबृद्धा बसाई सर्न मानेका छैनन् । गाउँको चिसो पानी, उर्वर माटो र त्यही माटोमा लडिबुडी खेलेर हुर्केको जवानी त्यति सजिलै बिर्सन उनीहरू तयार छैनन् । उनीहरूमा गाउँप्रतिको अगाध प्रेम अझै छ । कोरोना महामारीका कारण नेपालको मात्रै होइन विश्वकै अर्थतन्त्र डामाडोल छ । विदेशमा रोजगार गुमाएका युवा गाउँमा फर्किएका छन् । उनीहरूमा पुन: विदेश फर्केर काम गर्ने रहर छैन ।

वैदेशिक रोजगारीबाट युवा घर फर्केपछि रेमिट्यान्सका भरमा सहरमा बसेका परिवार गाउँ पसेका छन् । गाउँ विस्तारै र माइलो बन्दै जान थालेको छ ।

म्यागदीमा ग्रामीण र कृषि पर्यटनको सम्भावना पनि उत्तीकै बढेको छ । विदेशमा काम गरेर फर्केका कामदारमा कुनै न कुनै सीप हुन्छ ।

सोही सीप प्रयोग गरेर गाउँमै आयआर्जनसँग युवा जोडिन थालेका मालिका गाउँपालिकाका प्रमुख श्रीप्रसाद रोका बताउँछन् ।

अहिलेको अवस्थालाई अभाव होइन अवसरको रूपमा लिई युवाको सपनालाई साकार पार्न स्थानीय सरकार लागिपरेको अध्यक्ष रोकाले बताए ।

गाउँमा पैदलमार्ग, परम्परागत एवं ऐतिहासिकस्थल, ताल, खोला, झरना आदिलाई पर्यटन केन्द्र बनाउन सकिने उनको भनाइ रहेको छ । स्थानीय परिकार र संस्कृतिको स्वादमा होम स्टे सञ्चालन गर्ने गाउँपालिकाको योजना रहेको उनी सुनाउँछन् ।

काठमाडौं-विराटनगर गन्तव्यको उडान अवरुद्ध

काठमाडौं (रासस)/ लगातारको वर्षापछि आएको बाढीका कारण पूर्वाञ्चलको क्षेत्रीय हब विराटनगर विमानस्थल डुबानमा परेको छ । विमानस्थल जलमग्न भएपछि सम्पूर्ण उडान प्रभावित भएको छ ।

काठमाडौं-विराटनगर उडान प्रभावित भएको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलले जनाएको छ । विमानस्थल अवरुद्ध भएपछि बुद्ध एयर र यती एअरलाइन्सले काठमाडौं-विराटनगरका सबै उडान रद्द गरेका छन् । उडान रद्द हुँदा सयौं यात्रु समस्यामा परेका छन् । आन्तरिक उडानका दुवै ठूला एयरलाइन्सले सूचना निकालेर काठमाडौंदेखि विराटनगर गन्तव्यका सबै उडान रद्द गरिएको जानकारी गराएका हुन् ।

यो गन्तव्यमा बुद्ध एयरको दैनिक ११ देखि १३ उडान हुन्थ्यो । विराटनगरको साटो भद्रपुरमा उडान थप्ने क्रममा छौं । भद्रपुर विमानस्थबाट यात्रुले आवतजावत गर्नसक्नेछ । बुद्धले भद्रपुरमा दैनिक पाँच उडान गर्दै आएको छ । नेपाल नागरिक उड्डयन प्राधिकरणको सहयोगमा अब यात्रुको माग अनुसार केही उडान थप्न लागिएको बुद्ध एयरका सूचना अधिकारी दीपेन्द्रकुमार कर्णेल जानकारी दिए ।

स्थानीय केसलीया खोलामा आएको बाढी विमानस्थलमा पसेकाले धावनमार्ग, पार्किङ एरिया लगायतका स्थान डुबानमा परेका छन् । हाल भारतको विहार र उत्तर प्रदेश आसपास रहेका न्यून चापिय प्रणाली र पश्चिमी वायु प्रणालीको संयुक्त प्रभावले नेपालमा विगत चार दिनदेखि बदली र वर्षा भइरहेको छ । हाल देशको प्रदेश नं १ प्रदेश नं २ र बागमती प्रदेशमा पूर्ण बदली र बाँकी भूभागमा सामान्यदेखि पूर्ण बदली रहेको छ ।

प्रदेश नं १, बागमती र गण्डकी प्रदेशका केही स्थानमा र बाँकी प्रदेशका एक दुई स्थानमा हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ ।

एमालेले डाक्यो स्थायी कमिटी बैठक

काठमाडौं (रासस)/ नेकपा (एमाले)ले आज स्थायी कमिटी बैठक डाकेको छ ।

ललितपुरको तुल्सीलाल स्मृति प्रतिष्ठानमा दिउँसो ३ बजे बैठक बोलाइएको हो ।

एमाले कार्यालय सचिव शेरबहादुर तामाङका अनुसार बैठकमा विधान महाधिवेशन समीक्षा, बडा र स्थानीय तहको अधिवेशन, राष्ट्रिय महाधिवेशनको विषय प्रवेश र हालैको अविरल वर्षाका कारण भएका जनधनको क्षतिका सम्बन्धमा छलफल हुनेछ ।

एमालेको बडा अधिवेशन यही कात्तिक ६ गते र स्थानीय तहको अधिवेशन यही कात्तिक ९ गते तोकिएको छ । एमालेको राष्ट्रिय महाविधेशन आगामी मंसिर १० देखि १३ गतेसम्म बुटवलमा हुने भएको छ ।

महिला हिंसाका घटना रोक्नुपर्छ : मन्त्री रेग्मी

चितवन (रासस)/ महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री उमा रेग्मीले हत्या, हिंसा र बलात्कारका घटना रोक्ने गरी काम गर्ने बताएका छन् । पत्रकारसँग कुराकानी गर्दै उनले भएका ऐन, कानूनको कार्यान्वयन र आवश्यकता अनुसार संशोधन गरेर महिला र बालबालिकामाथि हुने गरेका आपराधिक कार्य रोक्न आफू लागिपर्ने बताए ।

कानूनको पूर्णरूपमा कार्यान्वयन गर्नेतर्फ आफ्नो ध्यान केन्द्रित हुने उनले बताए । नेपाल महिला संघकी केन्द्रीय अध्यक्षसमेत रहेकी रेग्मीले आफूले राजनीतिक जीवनमा महिला, बालबालिका र ज्येष्ठ नागरिकले भोगेका पीडा नजिकबाट बुझेकोले पनि यो मन्त्रालय रोजेको हो भने । यससँगै



महिलालाई राजनीतिक दल र सरकारी निकायमा ५० प्रतिशत प्रतिनिधित्व नगराएसम्म मुलुकमा परिवर्तन हुन नसक्ने उनले बताए ।

उनले भने, "समतामुलक समाजका लागि ५० प्रतिशत महिलाको प्रतिनिधित्व गराउन सक्नुपर्छ ।" अहिले महिलाको प्रतिनिधित्व एक तिहाई भए पनि नेतृत्वमा पछि परेको रेग्मीको भनाइ छ ।

अर्को एक प्रसङ्गमा रेग्मीले अशक्त, अपाङ्गता, ज्येष्ठ नागरिकलाई घर-घरमा भत्ता दिने गरी मन्त्रालयले काम गर्ने बताए ।

उनले भने, "घरमानै पुगेर भत्ता वितरण गर्ने योजना बनाउँदैछु ।" बालबालिका कोरोना संक्रमणको उच्च जोखिममा रहेको भन्दै उनले तत्काल खोपको व्यवस्थाका लागि मन्त्रालयले पहल गर्ने बताए । उनले थपे, "बालबालिकालाई तत्काल खोप दिनुपर्छ ।"

सडकमा बेवारिसे मानवमुक्त बनाउन सामाजिक संघ संस्थासँग सहकार्य गरेर मन्त्रालयले काम गर्ने मन्त्री रेग्मीको भनाइ थियो ।

पोलियो दिवसमा दुईदिने ञ्चाली हुने



चितवन (रासस)/ पोलियो रोगविरुद्ध सचेतना जगाउने उद्देश्यले यहाँ यही ६ र ७ गते ञ्चाली आयोजना गरिने भएको छ । रोटरी डिष्ट्रिक ३२९२ अन्तर्गत रिजन ६ का सात क्लब मिलेर आयोजना गर्न लागिएको सो साइकल ञ्चालीको पहिलो दिन नारायणगढको उद्योग वाणिज्य संघ परिसरबाट सौराहासम्म हुने जनाइएको छ ।

कार्यक्रम संयोजक विपिन पोखरेलका अनुसार पहिलो दिन साइकल ञ्चाली हुनेछ । यसैगरी दोस्रो दिन पूर्वी चितवनको पसोबाट मोटर ञ्चाली हुने भएको छ । उक्त ञ्चालीले भरतपुरको परिक्रममा गरी नारायणगढको शहीदचोकमा परेवा उडाउने छ । ञ्चाली गैंडाकोटसम्म पुगेर पुन: फर्किएर नारायणगढको सो संघका सभाहलमा आएर कार्यक्रममा परिणत हुनेछ ।

सन् १९७९ देखि रोटरीले पोलियो उन्मूलनका लागि कार्यक्रम गर्दै आएको छ । हरेक वर्ष अक्टोबर २४ का दिन विश्व पोलियो दिवस संसारभर मनाउने गरिन्छ । यस दिन पोलियो उन्मूलनका लागि विविध कार्यक्रम आयोजना गरी सचेतना जगाउने गरिन्छ । हाल विश्वमा पाकिस्तान, अफगानिस्तान र नाइजेरियाबाहेकका देशमा पोलियो रोग छैन । नेपालमा सन् २०१० देखि पोलियो रोगी नभेटिएका बताइएको छ ।

के तपाई फोटोकपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग,
प्रिन्टर, कम्प्युटर,
फोटोकपी लगायतको
सर्भिस छिटो छरितो
र भरपर्दो रुपमा
गर्नुभई दुक्क हुनुहोस् ।

एक वर्षको
वारेन्टीका साथै
दुई वर्ष फ्रि सर्भिस पनि
गरिन्छ प्रिन्टर किन्दा
एउटा कार्टेज सित्तैमा
लैजानुहोस् ।

Printer Shop

The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4

tonerhouse_htd@yahoo.com

कैदीबन्दीलाई दशैं मान्न बानियाँ र गाउँपालिकाको सहयोग

साझाकुरा संवाददाता

हेटौंडा/ मकवानपुरको भीमफेदी कारागारका कैदीबन्दीलाई दशैं मनाउन मकवानपुरका एक सांसद र गाउँपालिकाले सहयोग गरेका छन् ।

नेपाली कांग्रेस बागमती प्रदेश संसदीय दलका नेता एवं मकवानपुर सभापति इन्द्रबहादुर बानियाँ र राक्सिराङ गाउँपालिकाले कारागारका कैदीबन्दीलाई दशैं मनाउन खसी र खाद्यान्न सहयोग गरेका हुन् । कारागारमा राक्सिराङ गाउँपालिकाका मात्रै ४१ जना रहेकाले पालिकाले आन्नै खर्चमा दशैमा खाद्यान्न लगायतका सामग्री वितरण गर्दै आएको छ ।

कारागारमा रहेकाहरुलाई प्रदेशसभा सदस्य बानियाँले व्यक्तिगत ६० हजार रुपैया प्रदान गरेका थिए । सामजिक एवं मानवीय भावनाको आधारमा कारागारमा रहेका कैदीबन्दीको दशैं सुखद बनाउन सहयोग गरेको बानियाँले बताए । दशैं सबैको पर्व भएको बताउँदै बानियाँले कारागार भित्रका कैदीबन्दीलाई प्राप्त सहयोगबाट उत्साहपूर्वक पर्व मनाउन उनले सुझाव दिए ।

जीउने आधार र विकल्प नभएर गाँजा खेती गर्नुपर्ने अवस्थाका व्यक्तिहरु जेलमा रहेको राक्सिराङ गाउँपालिकाका अध्यक्ष राजकुमार मल्लले बताए । गाउँपालिका सबैको अभिभावक भएकाले पालिकाका बासिन्दाको केही व्यक्ति कारागारमा रहँदा दशैं खल्को नहोस् भनेर केही राहत दिएको उनले बताए । कार्यक्रममा पालिका उपाध्यक्ष निर्मला हिम्डुङ, कांग्रेस मनहरी गाउँपालिका सभापति प्रकाश वर्तौला, नेताहरु रञ्जन कालाखेती, विदुर थापा लगायतको उपस्थिति रहेको थियो ।

भीमफेदी कारागारमा लागूऔषध मुद्दामा मकवानपुरको हेटौंडा उपमहानगरका ४४, राक्सिराङका ४१, कैलाशका १४, बकैयाका ३, भीमफेदीका ३, मनहरीका १६ र थाहानगरपालिकाका २ जना गरी १ सय २३ जनाले जेल जीवन बिताइरहेका छन् ।

अग्रवाल समूहको हेटौंडमा शुभकामना आदानप्रदान

साझाकुरा संवाददाता

हेटौंडा/ मकवानपुर उद्योग वाणिज्य संघको आसन्न निर्वाचनमा अध्यक्ष पदका उम्मेदवार कृष्ण कुमार गुप्ता अग्रवालको समूहले शुभकामना आदानप्रदान तथा चियापन कार्यक्रम गरेको छ ।

बुधबार हेटौंडा-४ स्थित रोयल पार्टीप्यालेसमा विजय दशमी, दिपावली तथा छठ पर्वको अवसर मा शुभकामना आदानप्रदान तथा चियापन कार्यक्रम आयोजना गरेको हो । मउवासंघको आसन्न निर्वाचनको अध्यक्ष पदका उम्मेदवार कृष्ण कुमार गुप्ताको सभाध्यक्षमा कार्यक्रम भएको हो । मउवासंघको कार्याकारी अध्यक्ष कृष्ण कटुवाल, हेटौंडा उपमहानगरपालिकाका उपमेयर भिना कुमारी लामा, नेपाली कांग्रेस मकवानपुरका सभापति विष्णु लामिछाने, नेपाली कांग्रेस हेटौंडा उपमहानगरपालिकाका सभापति उत्सब इटेनी, हेटौंडा-१२ का वडाध्यक्ष ललित घलान, हेटौंडा-५ का वडाध्यक्ष राजेश बानियाँ लगायतको आतिथ्यता रहेका थिए ।

मकवानपुर उद्योग वाणिज्य संघको निर्वाचन आगामी मंसिर ७, ८ र ९ गते हुँदैछ ।

दशैंमा सवारी दुर्घटनामा पाँचको मृत्यु, ४६ घाइते

साझाकुरा संवाददाता

हेटौंडा/चाडपर्वमा सवारी दुर्घटनाको संख्यामा वृद्धि हुने क्रम रोकिएको छैन् । चाडपर्वहरुमा सवारीसाधनको चाप बढी नै हुनाले दुर्घटना पनि बढी हुने गरेको हो ।

नेपालीहरुको महान चाड बडा दशैंमा मकवानपुरमा २३ वटा सवारीसाधन दुर्घटनामा परेका छन् । प्रहरीले सुरक्षा सतकर्ता बढाएपनि सवारी दुर्घटना बढेको हो । चाडपर्वमा अत्याधिक मदिरा सेवन र अनावश्यक सवारी हाँक्नाले दुर्घटना हुने गरेको ट्राफिक प्रहरीले जनाएको छ । दशैंमा टिकाटालाका लागि एकठाउँबाट अर्को ठाउँमा जाने क्रम बढी हुने भएकाले सडकमा सवारीको चाप बाक्लै हुने गर्दछ । सवारीको चाप बढी भएपछि दुर्घटनापनि बढ्ने ट्राफिक प्रहरीको भनाई छ ।

गत शनिबार हेटौंडा-भिमफेदी-कुलेखानी-काठमाडौं सडकखण्डअन्तर्गत इन्द्रसरोवर-२ लामिबगरमा भएको सुमो दुर्घटनामा २ जनाको मृत्यु र ८ जना घाइते भएका थिए । पूर्व-पश्चिम राजमार्गअन्तर्गत हेटौंडा-१५ रातमाटेमा गत शुक्रबार बसले मोटरसाइकललाई ठक्कर दिंदा मोटर साइकलमा सवार दुईजनाको मृत्यु भएको थियो । गत बुधबार हेटौंडा-९ मा धान काट्ने मेसिन पल्टिदा एक जनाको मृत्यु भएको थियो ।

मकवानपुरमा दशैंको फुलपातीदेखि ६ दिनको बीचमा २३ वटा सवारी दुर्घटना भएको जिल्ला ट्राफिक प्रहरी कार्यालय मकवानपुर ले जानकारी दिएको छ । सवारी दुर्घटनाबाट ५ जनाको मृत्यु भएको छ । दुर्घटनामा परी ४६ जना घाइते भएको ट्राफिक प्रहरी कार्यालयले जनाएको छ । मकवानपुरका प्रमुख ट्राफिक प्रहरी निरिक्षक प्रकाश पाण्डेले दशैंमा सवारीसाधनको चाप बढेकाले दुर्घटना भएको बताए । १२ वटा मोटरसाइकल दुर्घटनामा परेको प्रहरी निरीक्षक पाण्डेले जानकारी दिए ।

चारवटा सुमो/जिप र कार, दुई/दुईवटा बस, ट्याम्पो र अटो, एक/एकवटा ट्रक, ट्याक्टर दुर्घटनामा परेका छन् । बस, टाटासुमोलगायतका यात्रु बाहक सवारीसाधनले क्षमताभन्दा बढी यात्रु बोक्ने गरेका कारण दुर्घटना बढी हुने गरेको छ ।

कविता प्रतियोगितामा हेटौंडाका सजित प्रथम

साझाकुरा संवाददाता

हेटौंडा/ राष्ट्रव्यापी कविता प्रतियोगितामा आधुनिक राष्ट्रिय माध्यमिक विद्यालय हेटौंडाका सजित विश्वकर्मा प्रथम भएको छ । पदम विश्वकर्मा साहित्य प्रतिष्ठानको आयोजनामा प्रतियोगिता भएको हो ।

यसैगरी प्रतियोगितामा मेलुङ दोलखा घर भई हाल ग्याल्यासियर इन्टरनेशनल कलेजका कक्षा १२ मा अध्ययनरत् राजु उवर कोटी द्वितीय र आदर्श मावि स्याङ्जामा अध्ययनरत् विविका रपपाल तृतीय भएका छन् । जातिय विभेद तथा असमानताका विरुद्ध जनचेतना अभिबृद्धि गर्न र दलित तथा पिछडिएका समुदायका विद्यार्थीहरुलाई यस विषयमा कविता लेखनमा अभिप्रेरित गर्न कविता प्रतियोगिता पहिलो पटक आयोजना गरिएको हो ।

प्रतियोगितामा प्रथम द्वितीय र तृतीय हुनेलाई क्रमशः ३० हजार, २० हजार र १० हजार रुपैयाँ सहित प्रमाणपत्र प्रदान गरिने छ । प्रतिष्ठानलाई २०७८ श्रावण १ गते देखि भाद्र २० गतेसम्म माध्यमिक तह (१२ कक्षासम्म) मा अध्ययनरत् विद्यार्थीले कविता उपलब्ध गराएको थियो । उपलब्ध कविताहरुबाट मंगलबार प्रतिष्ठानले नतिजा सार्वजनिक गर्दै ३ जना उत्कृष्ट कविका रुपमा छुनोट गरिएको आधुनिक राष्ट्रिय माविका प्रधानाध्यापक वीरवंश बैठाले बताए ।

प्रतियोगितामा उत्कृष्ट तीन प्रतियोगीहरुलाई आगामी कार्तिक ७ गते काठमाडौंको प्रज्ञा प्रतिष्ठानमा आयोजना हुने एक समारोहमा नगद पुरस्कार सहित प्रमाणपत्र प्रदान गरिने बैठाले जानकारी दिए ।

दशैंमा मानवसेवा आश्रमलाई १ लाख २२ हजार सहयोग

साझाकुरा संवाददाता

हेटौंडा/ मानव सेवा आश्रम हेटौंडाले १ लाख २२ हजार रुपैयाँ सहयोग प्राप्त गरेको छ ।

नेपाली कांग्रेस मकवानपुर सभापति ईन्द्रबहादुर बानियाँले आफ्नो सेवा सुविधाबापत प्राप्त रकममध्येबाट एक लाख रुपैयाँ मानव सेवा आश्रमलाई सहयोग गरेको मानव सेवा आश्रम मकवानपुरका संयोजक होमनाथ पौडेलले जानकारी दिए ।

मकवानपुरकै शिक्षाविद् देव श्रेष्ठले आमाको जन्मदिनको अवसरमा पेन्सन बापत् आएको एक महिनाको रकम २२ हजार रुपैयाँ सहयोग गरेको पौडेलले बताए । आश्रमका संस्थापक केन्द्रीय अध्यक्ष रामजी अधिकारीलाई आश्रममै पुगेर सहयोग र कम हस्तान्तरण गरेको थिए ।

मानवीय सेवामा अनुकरणीय काम गरिरहेको आश्रममा आश्रितहरुको सेवामा सहयोग पुगोस् भन्ने उद्देश्यले सहयोग गरिएको बताए । परिवारबाट विछोड भएका, मानसिक रूपमा विक्षिप्त, शरीरिक रूपमा अशक्त र सडकमा कठिन जीवन बिताउने क्रममा जन्मिएका र अलपत्र भेटिएका शिशुको आश्रमले उद्दार गर्दै आएको छ । आश्रममा अहिले २ सय जना आश्रित रहेका छन् । गाँस, बास, कपास एवं वृत्तिविकास र पुनर्भिलनमा गरेको कार्य मानवताको उच्चतम उदाहरण रहेको छ ।

सकियो यसवर्षको बडादशैं, नजिकिँदै तिहार

साझाकुरा संवाददाता

हेटौंडा/ नेपालीहरुको महान चाड २०७८ सालको बडादशैं सकिएको छ । दशैंको टिका जमरा विजयादशमीदेखि कोजागत पूर्णिमासम्म लगाउने चलन छ । पूर्णिमापछि दशैं सकिएको मानिने छ ।

कतिपय जिल्लामा भने विजया दशमी (टिकाको दिन)मात्रै टिका र जमरा लगाउने चलन छ । दशैंमा घरका ज्येष्ठ सदस्य र मान्यजनबाट टीका लगाई आशिर्वाद लिने गरिन्छ । दशैंमा विजया दशमीअघि देखि पूर्णिमाको दिनसम्म सर्वसाधारणको बाक्लो चहलपहल हुने गर्दछ । देशका मुख्य सहरहरुमा काम गर्दै आएकाहरु दशैंमा गाउँ फर्किने गरेका छन् । फेरि दशैं सकिएपछि गाउँ छोडेर पुनः कामप्रै खटिने गरेका छन् । काठमाडौंसहित मुख्य सहरहरु दशैं र तिहारमा सुनसान हुने गरेका छन् ।

दशैं सकिएसँगै नेपालीहरुको दोस्रो ठूलो चाड दिपावली (तिहार) पर्व नजिकिँदै छ । तिहार कार्तिक कृष्ण पक्ष त्रयोदशीका दिन काग तिहारको नामले शुरु भएर कार्तिक शुक्ल पक्षको द्वितीया तिथिको भाइटीकासम्म (पाँच दिन) मनाइन्छ । पाँच दिनसम्म मनाइने भएकाले यसलाई यमपञ्चक पनि भनिन्छ ।

यमराजले आफ्नी बहिनी यमुनाका घरमा आतिथ्य ग्रहण गरेको हुनाले यमपञ्चक भनिएको धार्मिक मान्यता छ । यसवर्षको तिहार १६ कार्तिकदेखि सुरु हुँदैछ । पहिलो दिन कागतिहार हुनेछ ।

खतिवडा नेकपा (एस)को सल्लाहकार



हेटौंडा/नेकपा (एकीकृत समाजवादी)को केन्द्रीय सल्लाहकार मा मकवानपुरका पुराना कम्युनिष्ट नेता बद्री खतिवडा चयन भएका छन् ।

स्वास्थ्य तथा जनसंख्या मन्त्री विरोध खतिवडाको पितासमेत रहेका खतिवडासहित नेकपा (एसले एकसय ५४ सदस्यीय सल्लाहकार परिषद् गठन गरेको छ । खतिवडा नेपाली शिक्षक आन्दोलनका प्रणेता हुन् । हरियाली नेपाल पार्टीको अध्यक्षसमेत भएका खतिवडालाई विगतमा नेकपा एमालेले समानुपातिक उम्मेदवार पनि बनाएको थियो । खतिवडा २०४८ सालपछि कम्युनिष्ट राजनीतिबाट अलग्गिएका थिए ।

नेकपा (एस)ले प्राध्यापक कृष्ण पोखरेलसहित युटुयुबर पुष्प गौतम, लेखक तथा राजनीतिक विश्लेषक प्रा.कृष्ण पोखरेल, पुराना कम्युनिष्ट नेताहरु केशरमणी पोखरेल, लोककृष्ण भट्टराई सल्लाहकार भएका छन् । सल्लाहकार परिषद्मा मोदनाथ प्रश्रित, वरिष्ठ पत्रकार गोपाल थपलिया, वरिष्ठ अधिवक्ता विश्वकान्त मैनालीलगायत नेताहरु समेटिएका छन् ।

भिटामिन ए र जुकाको औषधि खुवाउने दिन हेरफेर

साझाकुरा संवाददाता

हेटौंडा/ हरेक वर्ष कात्तिक ३ र ४ गते खुवाइँदै आएको भिटामिन ए र जुकाको औषधि खुवाउने दिन हेरफेर भएको छ ।

नियमित रुपमा हुँदै आएको यो कार्यक्रम कार्तिक ७ र ८ गते हुने भएको हो । दशैंको अवधी परेकाले कार्तिक ३ र ४ खुवाउने गरिएको भिटामिन ए र जुकाको औषधी कार्तिक ७ र ८ गते खुवाईने भएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ ।

५ वर्ष मुनिका बालबालिकालाई नजिकैको केन्द्रमा लगेर भिटामिन ए र जुकाको औषधि खुवाउन स्वास्थ्य मन्त्रालयले सर्वसाधारणलाई अनुरोध समेत गरेको छ ।

मोटरसाइकल हरायो

निम्न व्यहोराको मोटरसाइकल २०७८/०७/०३ गते हेटौंडा-५, पिप्ले स्थित आफ्नै निवास अगाडी पार्किङ्ग गरिरहेको अवस्थाबाट राति अन्दाजी १:०० बजे हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न फोन नम्बरमा खबर गरिदिनु हुन अनुरोध गरिन्छ ।

मोटरसाइकल नम्बर: ना ५० प ३३०६
मोटरसाइकल धनीको नाम: आशिष गौतम
मोटरसाइकलको ब्रान्ड (नाम): बजाज पल्सर, २२० सीसी
मोटरसाइकल बनेको वर्ष: सन् २०१७
चेसिस नम्बर: MD2A13EY9HCB45658
इन्जिन नम्बर: DKYCHB23923
सम्पर्क फोन नम्बर: ९८५५०७१४८३, ९८४५३७४०५

निर्माण सम्बन्धि सामाग्री खरिद गर्न हामीलाई सम्झनुहोस्

घर वा ठूला आयोजना निर्माण गर्दै हुन्छ ?

निर्माणका लागि हार्डवेयर सामाग्री एकमुष्ठ खरिद गर्न अब हामीलाई सम्झानुहोस् । यहाँ विभिन्न कम्पनीका रड, सिमेन्ट, रंग/रोगन, वाथरुम र गाडी मर्मतका सम्पूर्ण सामाग्रीहरु सुपथ मूल्यमा उपलब्ध छ ।

हाम्रो हार्डवेयर एण्ड सप्लायर्स
हेटौंडा-४, कान्तिराजपथ, फोन: ०५७-५२०६४१, ९८५५०४२२६३

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय: हेडम्बीचोक, हेटौंडा-१, फोन नं.: ०५७-५२११११, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना, हेटौंडा-१, चौकीटोल